प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम कार्यक्रम सम्बन्धन कार्यविधि

## २०७८

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
सानोठिमी, भक्तपुर।

# प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम कार्यक्रम सम्बन्धन कार्यविधि २०७८

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ को दफा ६.२, ६.७, ६.१६ र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नियमावली, २०५१ को परिच्छेद ५ को उद्देश्य प्राप्तिका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन २०४५ को दफा १२ बमोजिम देहाय बमोजिमको कार्यविधिहरू बनाइएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

**१.** **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम कार्यक्रम सम्बन्धन कार्यविधि २०७८" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२.** **परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ सम्झनु पर्छ।

(ख) "नियमावली" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नियमावली, २०५१ सम्झनु पर्छ।

(ग) "शिक्षालय" भन्नाले आंगिक प्राविधिक शिक्षालय, सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम, सरकारी निकायद्वारा सञ्चालित प्राविधिक शिक्षालय, साझेदारीमा सञ्चालित प्राविधिक शिक्षालय, निजी शिक्षालय र नाफा रहित रुपमा सञ्चालित संस्थागत शिक्षालय तथा प्रतिष्ठान समेतलाई सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले परिषद् ऐन अन्तर्गत बनेका नियम, विनियम वा निर्देशनहरूमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) "निर्देशन" भन्नाले सम्बन्धन स्वीकृति पत्रमा उल्लेखित शर्त तथा परिषद् कार्यालयले समय समयमा गरेको निर्णय बमोजिम दिइएको निर्देशन समेतलाई सम्झनु पर्छ।

(च) "प्रशिक्षक" भन्नाले शिक्षालयको शिक्षाण, प्रशिक्षण कार्यमा कार्यरत व्यक्ति सम्झनु पर्छ।

(छ) "परिषद् कार्यालय" भन्नाले परिषद्को संघीय तथा प्रदेश कार्यालय समेतलाई सम्झनु पर्दछ।

(ज) "विभाग" भन्नाले प्राविधिक शिक्षालयमा डिप्लोमा तहको शैक्षिक कार्यक्रम अध्यापन/ सञ्चालन गराउने शाखा सम्झनु पर्दछ।

(झ) "ट्रेड" भन्नाले प्राविधिक शिक्षालयमा प्राविधिक एस.एल.सी. तहको शैक्षिक कार्यक्रम अध्यापन/ सञ्चालन गराउने शाखा सम्झनु पर्दछ।

(ञ) "संस्था" भन्नाले नेपाल सरकारका निकायहरूमा दर्ता भएका सार्वजनिक प्रकृतिका गुठी, प्रतिष्ठान, सहकारी, निजी तथा गैर नाफामूलक संस्थालाई सम्झनु पर्दछ।

३. <u>**शिक्षालयको स्थापनाः**</u> परिषद्ले प्राविधिक जनशक्ति उत्पादन गर्न आवश्यकता अनुसार शिक्षालयहरू स्थापना गर्नेछ।

४. <u>**परिषद् अन्तर्गत सञ्चालन हुने शिक्षालयहरूः**</u> (१) परिषद् अन्तर्गत देहायका शिक्षालयहरू हुनेछन्ः

<u>**(क) आंगिक प्राविधिक शिक्षालयः**</u> प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को पूर्ण स्वामीत्वको शिक्षालयलाई आंगिक प्राविधिक शिक्षालय भनिनेछ।

<u>**(ख) सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम :**</u> नेपाल सरकारबाट सञ्चालित सामुदायिक विद्यालयले परिषद्ले निर्धारण गरेको जनशक्ति, प्रयोगात्मक अभ्यास गर्ने सुनिश्चितता र पूर्वाधार तयारी गरी प्राविधिक शिक्षालय सञ्चालनका लागि प्रस्ताव पेश गरेमा पूर्वाधार निरीक्षण गर्दा उपयुक्त ठहरेमा परिषद्बाट सम्बन्धन स्वीकृति लिई कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछन्।

<u>**(ग) साझेदारीमा संचालित प्राविधिक शिक्षालयः**</u> परिषद् र कानूनद्वारा स्थापित निकाय बिच दुई पक्षीय वा बहु-पक्षीय सम्झौताको आधारमा शिक्षालय सञ्चालन गर्न सकिनेछ। साझेदारीमा देहाय बमोजिमको शिक्षालयहरू सञ्चालन हुनेछन्ः

१. <u>**स्थानीय तहद्वारा संचालित प्राविधिक शिक्षालयः**</u> (१) परिषद्ले निर्धारण गरेको जनशक्ति, प्रयोगात्मक अभ्यास गर्ने सुनिश्चितता र पूर्वाधार तयारी गरी स्थानीय तहद्वारा प्राविधिक शिक्षालय सञ्चालनका लागि प्रस्ताव पेश गरेमा पूर्वाधार निरीक्षण गर्दा उपयुक्त ठहरेमा नियमानुसार परिषद्ले सम्बन्धन स्वीकृति प्रदान गर्नुपर्नेछ। यसरी स्थापित शिक्षालयको कर्मचारीको सेवा शर्त तथा सुविधा र प्रशिक्षार्थीहरूको शुल्क प्राविधिक शिक्षाको पहुँच सबै वर्गका नागरिकमा पुग्ने गरी स्थानीय तहले तोके बमोजिम हुनेछ।

(२) स्थानीय तहद्वारा सञ्चालित प्राविधिक शिक्षालयको सञ्चालक समिति

स्थानीय तह प्रमुखको अध्यक्षतामा गठन गर्नु पर्नेछ र उक्त समितिमा कम्तिमा ४० प्रतिशत विषय विज्ञ हुनु पर्नेछ।

(३) स्थानीय तहद्वारा सञ्चालित प्राविधिक शिक्षालयमा कार्यरत प्रशिक्षक कर्मचारीहरूको प्रशिक्षक प्रशिक्षण तालीमको व्यवस्था परिषद्ले गर्न सक्नेछ।

२. **<u>सार्वजनिक प्रकृतिका गुठी, प्रतिष्ठान, सहकारी वा गैह्रनाफामुलक संस्थाद्वारा संचालित प्राविधिक शिक्षालयः</u>** (१) कम्पनी ऐन बमोजिम स्थापना भएका संस्थाहरू बाहेक नेपाल सरकारका निकायमा नियमानुसार सेवामूलक कार्यका लागि स्थापित गैह्र-नाफामूलक सार्वजनिक प्रकृतिका गुठी, प्रतिष्ठान, सहकारी वा गैह्रनाफामुलक संस्थाद्वारा संचालित संस्थाले परिषद्ले निर्धारण गरेको जनशक्ति, प्रयोगात्मक अभ्यास गर्ने सुनिश्चितता र पूर्वाधार तयारी गरी प्राविधिक शिक्षालय सञ्चालनका लागि प्रस्ताव पेश गरेमा पूर्वाधार निरीक्षण गर्दा उपयुक्त ठहरेमा नियमानुसार परिषद्बाट सम्बन्धन स्वीकृति प्रदान गर्न सकिनेछ।

(२) सार्वजनिक प्रकृतिका गुठी, प्रतिष्ठान, सहकारी वा गैह्रनाफामुलक संस्थाद्वारा संचालित प्राविधिक शिक्षालय सञ्चालन गर्नका लागि देहायका शर्तहरू पालना गर्नुपर्नेछ।

(क) कार्यक्रमसँग सम्बन्धित पूर्वाधार निर्देशिका बमोजिमका भौतिक पूर्वाधार र जायजेथाहरू संस्थाकै स्वामित्वमा हुनुपर्ने।

(ख) जिल्ला प्रशासन कार्यालय र समाज कल्याण परिषद् वा नेपाल सरकारका अन्य निकायमा नियमानुसार दर्ता भएका प्रतिष्ठानहरू विघटन भएको अवस्थामा उक्त संस्था मार्फत सञ्चालित कार्यक्रमसँग सम्बन्धित चलअचल सम्पत्ति नेपाल सरकारको स्वामित्वमा हुने।

(ग) प्रतिष्ठानको हकमा नामाकरण गर्दा राष्ट्रिय पहिचान झल्कने विशिष्ठ व्यक्ति, ठाउँ वा सम्पदासँग जोडिएको हुनुपर्ने र पारिवारिक गुठीलाई शिक्षालय सञ्चालन गर्न स्वीकृति दिइने छैन।

(घ) शिक्षालयको व्यवस्थापन समितिमा ६० प्रतिशत सदस्य संस्थाको विशिष्ट व्यक्तित्व सहितको सञ्चालक समितिबाट र बाँकि ४० प्रतिशत कार्यक्रम अनुरुप विषय विज्ञ राखी व्यवस्था भएको हुनुपर्ने।

(ङ) संस्थाको आर्थिक स्थायित्व सवल हुनुपर्ने।

(च) कार्यक्रम सञ्चालन विनियमावली तयार गरी सञ्चालक समितिबाट अनुमोदन गरी प्रशिक्षक, कर्मचारीले पाउने सेवा सुविधाको व्यवस्था गरिनुपर्ने।

(छ) संस्थाका पदाधिकारीहरूका लागि तोकिएका भत्ता बाहेकका कुनै सुविधा उपलब्ध नहुने कानूनी व्यवस्था गरिनुपर्ने।

(ज) संस्थाले कार्यक्रम सञ्चालनका लागि संस्थाको नाममा २५ लाख अक्षय कोष स्थापना गर्नु पर्ने।

(झ) एक संस्थाले एक स्थानमा मात्र शिक्षालय सञ्चालन गर्न पाउने।

(ञ) शिक्षालय रहेको जिल्ला बाहेक अन्यत्र ठाउँसारी गर्न नपाइने। काठमाण्डौ, भक्तपुर र ललितपुर (काठमाण्डौ उपत्यका) लाई एउटै जिल्ला मानिने छ।

(३) यो कार्यविधि लागु हुनुपूर्व सम्बन्धन स्वीकृति लिई सञ्चालनमा रहेका प्रतिष्ठानहरूले एक वर्ष भित्र यस कार्यविधिको अधिनमा आउनुपर्ने छ। साथै यो कार्यविधि प्रारम्भ हुनु अगावै प्रस्ताव पेश गरेका संस्थाहरूका हकमा समेत नियमानुसार सम्बन्धन स्वीकृति पाएका संस्थाहरू एक बर्षभित्र यो कार्यविधिको अधिनमा आइसक्नु पर्नेछ।

**३. सरकारी निकायद्वारा संचालित प्राविधिक शिक्षालयः** सरकारी निकायले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित प्राविधिक विषयको कार्यक्रम सञ्चालन गर्ने गरी परिषद्ले निर्धारण गरेको जनशक्ति, प्रयोगात्मक अभ्यास गर्ने सुनिश्चितता र पूर्वाधार तयारी गरी सरकारी निकाय स्वंमले नै प्राविधिक शिक्षालय सञ्चालनका लागि प्रस्ताव पेश गरेमा पूर्वाधार निरीक्षण गर्दा उपयुक्त ठहरेमा परिषद्बाट प्राविधिक शिक्षालय सञ्चालनको सम्बन्धन स्वीकृति लिन सक्नेछ।

**(घ) संस्थागत प्राविधिक शिक्षालयः** (१) कम्पनी ऐन, जिल्ला प्रशासन कार्यालय वा प्रचलित कानून बमोजिम स्थापित नेपाल सरकारका अन्य निकायमा दर्ता भै परिषद्बाट सम्बन्धन स्वीकृति प्राप्त निजी स्तरमा सञ्चालित शिक्षालयलाई संस्थागत प्राविधिक शिक्षालय भनिनेछ।

(२) संस्थागत प्राविधिक शिक्षालय रहेको जिल्ला वा स्थानबाट दुर्गम जिल्ला वा स्थानमा ठाउँसारी गर्न सकिनेछ । काठमाण्डौ, भक्तपुर र ललितपुर (काठमाण्डौ उपत्यका) लाई एउटै जिल्ला मानिने छ।

(२) उपदफा (१) बमोजिम संचालित शिक्षालयहरूको पाठ्यक्रम, प्रशिक्षण अवधि, तालीम अवधि, परीक्षा प्रणाली, प्रमाण पत्र र शिक्षालयमा प्रवेशको निम्ति आवश्यक न्यूनतम शैक्षिक योग्यता परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ।

(३) उपदफा (१) को खण्ड (क) बाहेकका शिक्षालयहरूको आर्थिक, प्रशासनिक लगायतका सम्पूर्ण जिम्मेवारी सम्बन्धित निकायले तोके बमोजिम हुनेछ र सोको जवाफदेही सोही निकाय हुनेछ, उक्त पक्षमा परिषद् जवाफदेही हुनेछैन।

## परिच्छेद-२

## सम्बन्धन सम्बन्धी व्यवस्था

**५.** **सम्बन्धन सिफारिश समितिः** (१) परिषद्द्वारा सञ्चालन गरीने शिक्षालयहरूलाई प्रदान गरिने सम्बन्धनको सिफारिशका लागि देहाय बमोजिम एक सम्बन्धन सिफारिश समिति गठन हुनेछ।

| | |
|---|---|
| क. उपाध्यक्ष, प्रा.शि. तथा व्या.ता. परिषद् | अध्यक्ष |
| ख. सदस्य सचिव, प्रा.शि. तथा व्या.ता. परिषद् | सदस्य |
| ग. शिक्षा, बिज्ञान तथा प्रविधि मन्त्रालयको प्राविधिक महाशाखाका सहसचिव | सदस्य |
| घ. सम्बन्धित पेशागत संस्थाको प्रमुख वा प्रतिनिधि | सदस्य |
| ङ. पोलिटेक्निक महाशाखाका निर्देशक | सदस्य |
| च. सामुदायिक विद्यालय प्राविधिक शिक्षा महाशाखाका निर्देशक | सदस्य |
| छ. स्तर निर्धारण तथा सम्बन्धन महाशाखाका निर्देशक | सदस्य—सचिव |

(२) सम्बन्धन सिफारिश समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले तोके बमोजिम हुनेछ।

(३) सम्बन्धन सिफारिश समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क. विषय तथा कार्यक्रम अनुसारका पूर्वाधार निर्देशिका स्वीकृत गरी लागु गर्ने।

ख. स्थलगत तथा पूर्वाधार निरीक्षण निर्देशिका स्वीकृत गरी लागु गर्ने।

ग. विषय विज्ञहरूको योग्यता निर्धारण गर्ने तथा सूची निर्माण गर्ने।

घ. कार्यविधि बमोजिम आवेदन दिएका आवेदकहरूका प्रस्ताव विज्ञहरूबाट छानविन भै प्राप्त विज्ञहरूको सिफारिश प्रतिवेदन उपर छलफल गरी आवश्यक निर्णय गर्ने।

ङ. प्राप्त प्रतिवेदनका आधारमा सम्बन्धनका लागि उपयुक्त नभएका प्रस्तावहरू खारेज

गर्ने।

च. प्रकृया पुरा भएका संस्था/कार्यक्रमहरूलाई मनसाय पत्र प्रदान गर्ने।

छ. मनसाय पत्र प्राप्त गरेका संस्था/कार्यक्रमहरूमा विज्ञहरूबाट पूर्वाधार निरीक्षण भै प्राप्त सिफारिश प्रतिवेदन बमोजिम आवश्यक निर्णय गर्ने।

ज. प्रकृया पुरा भएका संस्था/कार्यक्रमहरूलाई सम्बन्धन स्वीकृति गर्नका लागि परिषद् समक्ष सिफारिश गर्ने।

झ. सम्बन्धनका सबै शर्तहरू पुरा गरी परिषद्ले समय समयमा निर्धारण गरेको शैक्षिक, भौतिक, प्राविधिक (प्रयोगात्मक) र प्रशासनिक स्तर कायम गरी २ वर्ष सम्म निरन्तर अस्थायी सम्बन्धन प्राप्त शिक्षालयलाई तोकिएको मापदण्ड पुरा गरेमा स्थायी स्वीकृति प्रदान गर्नका लागि परिषद् समक्ष सिफारिश गर्ने।

६. **प्रस्तावनाका लागि सूचना माग गर्नेः** (१) दफा ४ (१) (ख), ४(१) (ग) र दफा ४ (१) (घ) वमोजिमका शिक्षालय सञ्चालन गर्न परिषद् कार्यालयले नक्शाङ्कनको आधारमा सिफारिश भएको स्थान र कार्यक्रमको आधारमा वर्षको एक पटक शिक्षालय सञ्चालन गर्न इच्छुक संस्थाहरूलाई प्रस्ताव पेश गर्नको लागि आव्हान गर्न सक्नेछ। स्वीकृतिको निम्ति, परिषद् कार्यालयमा परेको निवेदन उपर छानवीन गरी तोकिएको मापदण्ड अनुरुप देखेमा परिषद्बाट त्यस्तो शिक्षालय सञ्चालन प्रकृया अगाडि बढाईने छ।

(२) दफा ४ (१) (ग) (१) बमोजिमका शिक्षालय सञ्चालन गर्न स्थानीय तहबाट माग भै आएमा शैक्षिक सत्रमा कुनै वाधा नपर्ने गरी प्रकृया अगाडि बढाईने छ।

(३) परिषद्ले उप-दफा (१) र उप-दफा (२) बमोजिम शिक्षालय सञ्चालन गर्ने स्वीकृति प्रदान गर्दा निवेदन साथ संलग्न प्रस्ताव र परिषद् कार्यालयले गरेको सम्भाव्यता अध्ययन, स्थलगत अध्ययन र पूर्वाधार निरीक्षण प्रतिवेदन एवं तोकिएको मापदण्डको आधारमा त्यस्तो शिक्षालयलाई स्वीकृति प्रदान गर्न सक्नेछ।

७. **सम्बन्धन प्राप्त गर्न आवेदन दिनु पर्ने**ः— (१) परिषद्बाट सम्बन्धन प्राप्त गर्न चाहने संस्था / शिक्षालयले प्रस्ताव संलग्न गरी तोकिएको ढाँचामा तोकिए बमोजिम आवेदन शुल्क बुझाई परिषद् कार्यालय समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम सम्बन्धन प्राप्त गर्न परिषद् समक्ष निवेदन दिंदा सम्बन्धित शिक्षालयले परिषद्ले निर्धारण गरेको प्राविधिक, शैक्षिक, भौतिक, आर्थिक आदि मापदण्ड पुरा गरेको छ वा गर्नेछ भन्ने कुरा परिषद् कार्यालयलाई विश्वास दिलाउनु

पर्नेछ। आवेदन दिंदा देहायका शर्तहरू पालना गर्नु पर्नेछः

क. परिषद् कार्यालयले तोके बमोजिमको शुल्क जम्मा गरी आवेदन फाराम दर्ता गर्न सकिने छ।

ख. यस परिषद् र सम्बन्धित व्यावसायी परिषद्हरूबाट निर्धारण गरिएका पूर्वाधार निर्देशिकामा उल्लेखित शर्तहरू पालना गर्ने गरी आ-आफ्नो प्रस्ताव पेश गर्नुपर्नेछ।

ग. प्रस्ताव सहित आवेदन फाराम बुझाउने समयमा परिषद्ले तोकेको शर्त र कागजात पुरा भएको हुनुपर्नेछ।

घ. आवेदन फाराम बुझाउने बेलामा पेश गरिएका सम्पूर्ण कागजात कुन कुन छन् भनि आवेदक र आवेदन बुझ्न खटिएका कर्मचारीले प्रमाणित गरी एक/एक प्रति लिने/दिने गर्नुपर्ने छ।

ङ. आवेदन/प्रस्ताव स्वीकृत भएका संस्थाहरूलाई कार्यक्रम सञ्चालन गर्न स्वीकृति (सम्बन्धन) दिने अन्तिम निर्णय परिषद्मा हुनेछ र दर्ता भएका सबै प्रस्तावहरूलाई अध्ययन गरी परिषद् बैठकबाट पारित नीति तथा प्रस्तावमा संग्लन गरिएका कागजातहरूको आधारमा प्रस्ताव छनौट गरी प्रक्रिया थालिने छ। साथै छनौटमा नपरेका प्रस्तावहरू स्वतः रद्द हुनेछ र आवेदन फारम शुल्क फिर्ता हुने छैन।

च. स्थलगत निरीक्षण/अध्ययन शुल्क र पूर्वाधार निरीक्षण शुल्क परिषद् कार्यालयले तोके बमोजिम दाखिला गर्नु पर्नेछ।

छ. जुन जिल्लाको लागि आवेदन दर्ता गराएको हो सोही जिल्लाको लागि मात्र स्वीकृति दिइने छ।

ज. पाठ्यक्रम सम्बन्धी जानकारी परिषद्को पाठ्यक्रम महाशाखाबाट प्राप्त गर्न सकिने छ।

झ. परिषद्को ऐन, नियम, विनियम, निर्देशिका, कार्यविधि र भएका निर्णयहरूलाई आधारमानी आवेदन फाराम स्वीकृत भएका संस्थाका कार्यक्रमहरूलाई सञ्चालन स्वीकृति दिने वा नदिने भन्ने निर्णय परिषद्बाट हुनेछ।

(३) सम्बन्धन प्राप्त गर्न चाहने शिक्षालयले सम्बन्धन पाइसकेपछि प्रयोगात्मक अभ्यास स्थानको परिवर्तन, व्यवस्थापनमा हेरफेर, र अन्य कुनै मूलभूत परिवर्तन गर्दा परिषद्लाई सो कुराको जानकारी तत्कालै दिइने व्यहोरा आवेदनपत्रमा खुलाइएको हुनु पर्नेछ।

(४) कार्यक्रम सञ्चालन गर्न सम्बन्धन स्वीकृति दिंदा देहायको प्रक्रिया अवलम्बन गरिनेछ।

क. सम्बन्धन/स्वीकृतिका लागि आवेदन दिन कम्तीमा ३० दिनको समयावधि दिई राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशित गर्ने।

ख. समयावधि भित्र (३० दिन) प्राप्त आवेदनहरू स्वीकृत वा अस्वीकृत भएको प्रस्तावको नाम सहितको सूचना परिषद् कार्यालयको सूचना पाटीमा बढीमा ३ महिना भित्रमा टांस गर्ने।

ग. सूचना टांस भएको ३० दिन भित्रमा स्थलगत निरीक्षणका लागि शुल्क जम्मा गर्ने।

घ. शुल्क जम्मा भएको ३ महिना भित्र सम्बन्धित विषयको विज्ञ सहितको टोलीले स्थलगत निरीक्षण गर्ने र निरीक्षण सकिएको ७ दिन भित्र स्पष्ट किटानी राय (हुन्छ वा हुँदैन) सहितको सिलवन्दी प्रतिवेदन सम्बन्धन सिफारिश समिति समक्ष पेश गर्ने।

ङ. प्राप्त प्रतिवेदनका आधारमा सम्बन्धन सिफारिश समितिले सम्बन्धन स्वीकृतिका लागि योग्य प्रस्तावलाई आसय पत्र प्रदान गर्न सिफारिश गर्ने र अयोग्यलाई खारेज गर्ने।

च. आसयपत्र प्राप्त गरेकाहरूले २ वर्ष भित्र पूर्वाधार तयार गरिसक्ने र सो अवधि भित्र पूर्वाधार तयार नगरेमा /प्रकृया पुरा नभएमा आशयपत्र स्वतः रद्द हुने।

छ. प्रस्तावकले परिषद्द्वारा जारी पूर्वाधार निर्देशिका बमोजिम तयारी पुरा भए पश्चात निरीक्षण गरी पाउन निवेदन दर्ता गराएको ३० दिन भित्र परिषद् कार्यालयले विज्ञ टोलीद्वारा पूर्वाधार निरीक्षण गराउने।

ज. पूर्वाधार निरीक्षण टोलीले स्पष्ट किटानी राय (हुन्छ वा हुदैन) सहितको प्रतिवेदन निरीक्षण सकिएको ७ दिन भित्र सिलवन्दी गरी सम्बन्धन सिफारिश समिति समक्ष पेश गर्ने।

झ. पूर्वाधार निरीक्षण टोलीको प्रतिवेदनका आधारमा ३० दिन भित्र सम्बन्धन सिफारिश समितिले उपयुक्त ठहर भएको प्रस्ताव स्वीकृतिको लागि परिषद् समक्ष पेश गर्ने।

ञ. पूर्वाधार निरीक्षण टोलीको प्रतिवेदनका आधारमा १५ दिन भित्र सम्बन्धन सिफारिश समितिले अनुपयुक्त ठहर भएको प्रस्ताव सम्पूर्ण पूर्वाधार तयार गरी आउनका लागि एकपटकका लागि ३ महिनाको म्याद दिन सक्नेछ।

ट. सम्बन्धन सिफारिश समितिले सिफारिश गरेको ३५ दिन भित्र परिषद्ले सम्बन्धन सिफारिश समितिको सिफारिश उपर अध्ययन गरी सम्बन्धन स्वीकृति दिने वा नदिने वा तोकिए बमोजिमका कार्य पुरा गरी ३ महिना भित्र परिमार्जन सहित पुनः पेश गर्न निर्देशन दिन सक्नेछ।

ठ. सम्बन्धन स्वीकृति दिंदा प्रशिक्षार्थी भर्ना प्रकृया सुरु हुनु भन्दा ३० दिन पूर्व सम्बन्धन, स्वीकृति प्राप्त प्रस्तावहरूलाई सोही शैक्षिक सत्रबाट प्रशिक्षार्थी भर्ना गर्ने गरी र अन्यका हकमा आगामी शैक्षिक सत्रबाट प्रशिक्षार्थी भर्ना गर्ने गरी सम्बन्धन स्वीकृति पत्र प्रदान गरिनेछ।

५. छोटो अवधिको तालीम /कार्यक्रम सम्बन्धन सम्बन्धी व्यवस्था तत् सम्बन्धी कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ।

८. **<u>निवेदन साथ प्रस्ताव संलग्न हुनुपर्ने:</u>** (१) शिक्षालय सञ्चालन गर्न निवेदन दिंदा निवेदन साथ उपदफा (२) मा उल्लेखित विवरणहरू सहित सञ्चालन गर्न चाहेको कार्यक्रमको प्रस्ताव संलग्न गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम संलग्न गरेको प्रस्तावमा देहायका कुराहरू समेत खुलाएको हुनु पर्नेछः

क. शिक्षालय सञ्चालन गर्ने स्थान र प्रशिक्षण दिइने कार्यक्रमको विवरण

ख. शिक्षालय संचालक समितिमा रहने सदस्यहरूको संख्या, नाम, ठेगाना र निजहरूले प्राविधिक शिक्षामा गरेको योगदान र शैक्षिक योग्यता खुलाएको विवरण

ग. शिक्षालयले सञ्चालन गर्ने कार्यक्रम सम्बन्धी सम्भाव्यता अध्ययन प्रतिवेदन

घ. कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार सम्बन्धी विवरण

ङ. शिक्षालय सञ्चालनको लागि चाहिने आधारभूत पूँजीको विवरण

च. शिक्षालयमा भर्ना हुने सम्भावित प्रशिक्षार्थी सम्बन्धी विवरण

छ. प्रशिक्षकहरूको तह, संख्या तथा योग्यता आदिको विवरण

ज. प्रयोगात्मक अभ्यास गराउने निश्चित स्थान, उपकरण र प्रष्ट अवधारणा

९. **<u>सम्बन्धन दिने आधारहरु:</u>** (१) परिषद्ले सम्बन्धन प्रदान गर्दा कार्यविधिमा लेखिएका कुराहरूका अतिरिक्त निम्न लिखित कुराहरूलाई समेत आधार बनाउनेछः

क. सम्बन्धन माग भएको स्थान र क्षेत्रमा अध्ययनरत प्रस्तावित कार्यक्रमको व्यवहारिक अध्ययन सम्बन्धी स्थिति तथा स्थानीय आवश्यकता।

ख. नेपाल सरकारको प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम सम्बन्धी नीति,

योजना र कार्यक्रमसँगको अनुकुलता।

ग. सम्बन्धन दिइने शिक्षालय स्थापना हुने स्थान वा क्षेत्रको प्राविधिक शिक्षाको वर्तमान अवस्था, सो क्षेत्रमा हाल संचालित माध्यामिक विद्यालय, क्याम्पस वा शिक्षण संस्थाहरूको संख्या र तिनमा अध्ययनरत प्रशिक्षार्थीहरूको संख्या।

घ. नेपाल सरकार वा परिषद्को नीति नियम, मापदण्ड एवं भुगोल, जनसंख्या र स्थानीय आवश्यकता समेतलाई मध्यनजर गरी सम्बन्धन दिइनेछ।

(२) शिक्षालय सम्बन्धन स्वीकृतिका लागि तपशिलका नीतिहरूलाई क्रमशः प्राथमिकता दिइने छ।

क. आंगिक, सामुदायिक विद्यालयमा प्राविधिक शिक्षालय

ख. सरकारी निकायद्वारा संचालित प्राविधिक शिक्षालय

ग. साझेदारीमा सञ्चालित प्राविधिक शिक्षालय तथा बहु-प्राविधिक शिक्षालय

(१) स्थानीय तहद्वारा संचालित प्राविधिक शिक्षालय

(२) सार्वजनिक प्रकृतिका गुठी, प्रतिष्ठान, सहकारी वा गैह्रनाफामूलक संस्थाद्वारा संचालित प्राविधिक शिक्षालय

घ. निजीरूपमा संचालित संस्थागत प्राविधिक शिक्षालय

(३) दुर्गम, पहाडी क्षेत्र, मध्य पहाडी क्षेत्र, लोकमार्ग क्षेत्र वरपरका क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न चाहनेलाई उच्च प्राथमिकता दिइनेछ।

(४) एक स्थानीय तहमा एक प्राविधिक शिक्षालय सञ्चालन गर्न प्राथमिकता दिइनेछ।

१०. **सम्बन्धन दिइने तहः-** (१) परिषद्ले छोटो र लामो अवधिको तालीम कार्यक्रम, प्राविधिक एस.एल.सी. र प्रमाणपत्र-डिप्लोमा तहको प्राविधिक कार्यक्रमहरूको सञ्चालन गर्नका लागि सम्बन्धन प्रदान गर्नेछ।

(२) परिषद्ले प्रादेशिक तह वा स्थानीय तहसँगको साझेदारीमा उच्च स्तरको प्राविधिक शिक्षा सञ्चालन गर्न सक्नेछ।

११. **अस्थायी सम्बन्धन प्रदान गर्नेः** (१) परिषद्द्वारा सम्बन्धन प्राप्त शिक्षालयहरूमा सञ्चालन गरिने प्रक्रिया पुरा भएका कार्यक्रमहरूलाई सुरूमा दुई बर्षको लागि अस्थायी सम्बन्धन प्रदान गरिनेछ।

(२) उपनियम (१) बमोजिम अस्थायी सम्बन्धन प्राप्त शिक्षालयले स्थायी सम्बन्धन प्राप्त नगर्दा सम्म प्रत्येक शैक्षिक सत्रको सुरु हुनु पूर्व अस्थायी सम्बन्धन स्वीकृतिको अद्यावधिक गर्नु पर्नेछ। परिषद्द्वारा अस्थायी सम्बन्धन अद्यावधिक गर्दा

परिषद्को प्रदेश कार्यालयहरू मार्फत अनुसूची १: अनुगमन फाराम  र सम्बन्धित कार्यक्रमको लागि परिषद्ले तयार गरेको पूर्वाधार निर्देशिकाको प्रयोग गरी अनुगमन गरीनेछ। अनुगमन फाराम र पूर्वाधार निर्देशिकाहरू समयानुसार परिमार्जन गर्न सकिनेछ।

(३) अस्थायी सम्बन्धन अद्यावधिक नगराई नयाँ प्रशिक्षार्थी भर्ना तथा पठन पाठन गर्न पाइने छैन।

(४) अस्थायी सम्बन्धन स्वीकृति अद्यावधिक गर्नका लागि तपसिलमा उल्लेखित प्रमाणित कागजात सहित निवेदन पेश गर्नुपर्नेछ।

क. विषय र शुल्क समेत उल्लेख गरी संस्थाद्वारा संचालित कार्यक्रमको नविकरण गरी पाउं भन्ने निवेदन पत्र

ख. कम्पनी रजिष्ट्रार कार्यालय, घरेलु, समाज कल्याण परिषद्, जिल्ला प्रशासन कार्यालय, वा नियमानुसार सरकारी संस्थामा दर्ता भएको दर्ता प्रमाणपत्रको प्रति

ग. कम्पनी रजिष्ट्रार तथा अन्य माथि उल्लेखित कार्यालयहरूको गत आर्थिक वर्षको अद्यावधिक तथा नविकरण गरेको पत्र, प्रमाणपत्र समेतको प्रति

घ. शेयरधनी परिवर्तन भएमा परिवर्तित विवरण खुल्ने कम्पनी रजिष्ट्रार कार्यालय वा उपदफा (४) (ख) बमोजिमको प्रवन्धपत्र र नियमावली र विधान लगायतका पत्रको प्रति

ङ. गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र वा कर दाखिला प्रमाणपत्रको प्रति

च. ठांउसारी, स्वामित्व हस्तान्तरण, नामसारी र कार्यक्रम थप, गरेको भए, प्रकृया पुरा गरी सञ्चालन स्वीकृति प्राप्त पत्रको प्रतिलिपि

छ. परिषद्को अनुगमन प्रतिवेदनमा योग्य भएको हुनुपर्ने

ज. सम्बन्धित कार्यक्रमहरूमा प्रयोगात्मक अभ्यासका लागि मापदण्ड बमोजिम प्रयोग गरिएको संस्थाको स्विकृति पत्र र उक्त संस्था नविकरण भएको पत्र

झ. चालु शैक्षिक वर्षमा लिईदै गरेको शुल्कको प्रमाणित विवरण पत्र

ञ. परिषद्ले तोकेको शुल्क भन्दा बढी लिएको छैन भन्ने प्रतिवद्धता पत्र

ट. परिषद् कार्यालयबाट जारी भएको गत आर्थिक वर्षको सक्कल नविकरण पत्र

ठ. परिषद्ले तोके बमोजिमको नविकरण शुल्क परिषद् कार्यालयले तोकेको खातामा जम्मा गर्नु पर्नेछ।

(५) उपदफा ४ बमोजिमको निवेदन उपर छानविन गरी अस्थायी सम्बन्धन अद्यावधिक गर्न सकिनेछ।

(६) माथि जुनसुकै कुरा उल्लेख भएको भएता पनि आंगिक शिक्षालयको हकमा अस्थायी सम्बन्धन अद्यावधिकको प्रकृया लागु हुने छैन।

१२. **<u>शिक्षालयले पालन गर्नुपर्ने शर्तहरू:</u>** (१) परिषद्बाट कार्यक्रम सञ्चालन गर्न स्वीकृति प्राप्त गरेका शिक्षालयले देहायका शर्तहरू पालन गर्नु पर्नेछः

क. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले निर्धारण गरेको पाठ्यक्रम तथा पाठ्यपुस्तक र पूर्वाधार निर्देशिका लागू गर्नु पर्ने।

ख. संचालित कार्यक्रमको परीक्षा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले निर्धारण गरे वमोजिम हुने।

ग. परीक्षा सञ्चालन खर्च परिषद्ले तोके वमोजिम व्यहोर्नु पर्ने।

घ. परिषद्ले निर्धारण गरे वमोजिम योग्यता र अनुभव भएका प्रशिक्षक तथा कर्मचारीहरूको व्यवस्था गर्नु पर्ने।

ङ. शिक्षालयले प्रत्येक आर्थिक वर्षको आम्दानी र खर्च स्वीकृत प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराई सो को प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको छ महिना भित्र परिषद् कार्यालयमा पठाउनु पर्ने। हरेक बर्ष आफ्नो बजेट र कार्यक्रम संचालक समितिबाट स्वीकृत गराई लागु गर्नु पर्ने।

च. परिषद्ले शिक्षालय सञ्चालनको सन्दर्भमा आवश्यक निरीक्षण गर्न गराउन सक्ने। यसरी निरीक्षण गर्न आउने कर्मचारीलाई शिक्षालयले सहयोग गर्नुका साथै दिइएको निर्देशन पालना गर्नु संस्थाको कर्तव्य हुने।

छ. शिक्षालयले ऐन, नियम, विनियमावली विपरित कुनै काम गरे गराएमा वा परिषद्को निर्देशनको पालना नगरेमा परिषद्ले शिक्षालयद्धारा संचालित कुनै कार्यक्रमलाई केहि समयको लागि सञ्चालन गर्न नपाउने गरी स्थगन गर्न वा अवधि तोकी शिक्षालयका सम्पूर्ण कार्यक्रमलाई नै स्थगन गर्न वा शिक्षालयले पाएको सम्बन्धन रद्ध गर्न सक्ने।

ज. सम्बन्धन रद्ध भएको अवस्थामा शिक्षालयले शिक्षालयमा भर्ना भएका प्रशिक्षार्थीहरूको वांकी अध्ययन पूरा गर्नु पर्नेछ। यदि नगराएमा शिक्षालयले राखेको धरौटी रकम फिर्ता पाउने छैन। यदी शिक्षालय स्थगनमा परी भर्ना भएका प्रशिक्षार्थीहरूको वांकी अध्ययन पूरा नगराएमा सम्बन्धन स्वतः रद्द हुने।

झ. प्रशिक्षार्थीहरूको अध्ययन अवधि पुरा नगरी शिक्षालयले विचैमा छोडेको अवस्थामा प्रशिक्षार्थीहरूको वांकी अध्ययन अवधि पुरा गर्नलाई लाग्ने सम्पूर्ण खर्च प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले त्यस संस्थाले राखेको धरौटीबाट

आवश्यक व्यवस्थापन गर्न सक्ने।

ञ. उपदफा (झ) बमोजिम गर्दा पनि शिक्षालयको जिम्मेवारी पुरा हुन नसकेमा सरकारी बांकी सरह असुल उपर गरी परिषद् कार्यालयले प्रशिक्षार्थीको व्यवस्थापन गर्ने।

ट. शिक्षालयले आफ्नो काम, कारवाहीको सन्दर्भमा गरेको कुनै आर्थिक अथवा प्रशासनिक कारोवार प्रति परिषद् जवाफदेही नहुने।

ठ. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कार्यालयको पूर्व स्वीकृति विना प्रशिक्षार्थी भर्नाको लागि विज्ञापन वा प्रशिक्षार्थी भर्ना गर्न पाइने छैन। प्रशिक्षार्थी भर्नाको लागि न्यूनतम योग्यता परिषद्ले तोके बमोजिम हुनेछ। एक शैक्षिक सत्रका लागि तोकिए भन्दा वढी प्रशिक्षार्थीहरू भर्ना गर्न पाईने छैन।

ड. परिषद्ले नियमित रुपमा सञ्चालित कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गर्ने।

ढ. परिषद्ले नियमित अनुगमन गर्दा एक पटक मात्र पुनः अनुगमनको सिफारिश हुनेछ र उक्त पुनः अनुगमनमा पनि आवश्यक मापदण्ड पुरा नगरेमा सो शैक्षिक सत्रमा प्रशिक्षार्थी भर्ना गर्न पाउने छैन।

ण. छात्रावास, खाना, पुस्तकालयका साथै अतिरिक्त क्रियाकलापको व्यवस्था परिषद् कार्यालयबाट तोकिएको मापदण्ड वमोजिम गर्नु पर्ने।

त. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् र सम्बन्धित व्यावसायी परिषद्बाट तोकिएको पूर्वाधारहरूको व्यवस्था गरी कक्षा सञ्चालन गर्नु पर्ने।

थ. शिक्षालयले मन्त्रालयहरू वा सरकारी निकायमा कार्यक्रमको सन्दर्भमा पत्राचार गर्दा परिषद् मार्फत गर्नु पर्ने।

द. शिक्षालयको सम्पूर्ण आम्दानी शिक्षालयको आफ्नै नाममा नेपाल भित्रको नेपाल सरकारको स्वीकृति प्राप्त बैकमा खाता खोली दाखिला गर्नु पर्ने।

ध. शिक्षालयले कुनै व्यक्ति, संघ वा संस्थासँग संझौता गर्नु पर्दा वा दान, दातव्य र ऋण लिंदा दिंदा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्मा विस्तृत विवरण सहित पेश गर्नु पर्ने र परिषद् कार्यालयको स्वीकृतिमा मात्र सो कार्य गर्न पाईने।

न. हरेक शैक्षिक सत्रमा वार्षिक पाठयोजना तथा कार्य योजना तयार गर्नु पर्ने।

प. शिक्षालयको संचालक समितिमा परिषद् कार्यालयले तोकेको एकजना प्रतिनिधिसदस्य अनिवार्य राख्नु पर्ने।

फ. प्रति प्रशिक्षार्थी रजिष्ट्रेशन शुल्क, प्रमाण पत्र शुल्क, विकास शुल्क तथा परीक्षा

शुल्क परिषद्ले तोके बमोजिम परिषद् कार्यालयमा फिर्ता नहुने गरी बुझाउनु पर्ने।

व. अस्थायी सम्बन्धनको म्याद नियमानुसार नविकरण गर्नु पर्ने। नविकरण गर्दा परिषद्ले निर्धारण गरेको मापदण्ड बमोजिम सम्बन्धित शिक्षालयले स्व-मूल्यांकन गरिएको प्रतिवेदन अनिवार्य पेश गर्नुपर्ने।

भ. शिक्षालयमा कार्यरत प्राचार्य, लेक्चरर, प्रशिक्षक तथा कर्मचारीहरूलाई शिक्षण तथा सीप अभिबृद्धि तालीमको व्यवस्था गर्नु पर्ने।

म. प्रशिक्षार्थीहरूको शैक्षिक तथा व्यक्तिगत विवरणहरूको अभिलेख अद्यावधिक राखु पर्ने। उत्पादित जनशक्तिको रोजगार, स्वरोजगार, उच्च शिक्षाको लागि सहजिकरण र समन्वय गर्नुपर्ने र प्रत्येक ५ वर्षमा ट्रेसर स्टडि गर्नुपर्ने।

य. परिषद्को मापदण्ड भित्र रही शुल्क निर्धारण गर्नु पर्ने। प्रशिक्षार्थीहरूको शुल्क सम्वन्धी विवरण शिक्षालयको चिनारी पुस्तिकामा स्पष्ट रुपमा उल्लेख हुनु पर्ने।

र. प्रशिक्षार्थीको भर्ना शुल्क, अध्ययन शुल्क वा कुनै पनि अन्य रकम सम्वन्धमा पारदर्शी बनाउन बैंक मार्फत मात्र कारोवार गर्ने।

ल. परिषद्बाट छात्रवृत्तिको लागि सिफारिश भएका प्रशिक्षार्थीहरूसँग परिषद्ले तोके बमोजिमको धरौटी बाहेक परिषद्को अनुमति विना अन्य कुनै पनि शुल्कहरू लिन नपाइने।

व. शिक्षालयले आफ्नो विधान र नियमावली अनुसार शिक्षालय सञ्चालनार्थ कर्मचारी सेवा, शर्त र सुविधा, शिक्षालय सञ्चालनका साथै आर्थिक तथा अन्य शैक्षिक प्रशासनसँग सम्बन्धित नियमावली, निर्देशिका संचालक समितिबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन गरेको ३ महिना भित्र लागु गर्नु पर्ने।

स. संचालक समितिको वैठक कम्तिमा ३ महिनामा एक पटक गरी बर्षमा ४ पटक बस्नुपर्ने।

ष. वार्षिक पाठयोजनामा आधारित प्रयोगात्मक प्रशिक्षण गराउने संस्थासँग समय सारीणी बनाई कार्यक्रम अनुगमन गर्ने निकायलाई अग्रिम जानकारी गराउनु पर्ने।

श. सम्वन्धित व्यवसायी परिषद्बाट मान्यता लिनु पर्ने भएमा सोका लागि संस्था आफैले पहल गर्नु पर्ने।

ह. शिक्षालयले प्रचलित नियमानुसार कर कट्टी गरी सम्बन्धित कार्यालयमा दाखिला गर्नु पर्ने।

क्ष. स्वीकृत कार्यक्रमको सम्पूर्ण दायित्व सम्बन्धित संस्थामा निहित रहने।

(२) उपदफा (१) मा उल्लेखित कुनै शर्त पूरा नगर्ने शिक्षालयको स्वीकृति समय तोकी स्थगन गर्न वा स्वीकृति परिषद्ले रद्द गर्न सक्नेछ।

१३. **<u>सम्बन्धनमा थप शैक्षिक कायक्रमहरू समावेश गर्न सकिने:-</u>** सम्बन्धन प्राप्त शिक्षालयको सम्बन्धनमा पहिले उल्लेख भएका कार्यक्रमहरू वाहेक थप कार्यक्रमहरू समावेश गर्न चाहेमा यस कार्यविधिमा उल्लेखित सबै प्रक्रिया पुरा गरी सम्बन्धन स्वीकृति प्रदान गरिने छ।

१४. **<u>सम्बन्धन प्राप्त नगरी प्रशिक्षार्थी भर्ना गर्न नहुने:-</u>** (१) परिषद्बाट सम्बन्धन प्राप्त कार्यक्रमहरू बाहेक अन्य कार्यक्रममा प्रशिक्षार्थी भर्ना गर्न पाइने छैन।

(२) कुनै पनि कार्यक्रममा परिषदले तोकेको संख्या भन्दा बढी प्रशिक्षार्थी भर्ना लिन पाइने छैन र तोकिएको भन्दा बढी संख्यामा भर्ना लिइएको पाइएमा त्यस्ता प्रशिक्षार्थीको भर्ना रद्द हुनेछ। यसरी भर्ना रद्द भएका प्रशिक्षार्थीलाई भर्ना लिने शिक्षालयले परिषद्बाट संचालित कुनै पनि परीक्षामा समावेश गराउन वा परीक्षा दिलाउन पाउने छैन।

(३) परिषद्को नीति नियम र निर्देशन विपरित प्रशिक्षार्थी भर्ना गर्ने संस्थाले पाएको सम्बन्धन स्वीकृति स्थगन वा खारेजी हुनेछ।

१५. **<u>प्रशिक्षार्थीको नाम दर्ता गर्नु पर्ने र छात्रबृत्ति दिनु पर्ने:-</u>** (१) सम्बन्धन प्राप्त शिक्षालयमा भर्ना हुने प्रत्येक प्रशिक्षार्थीको नाम परिषद्मा दर्ता हुनु पर्नेछ। नाम दर्ता नभएका प्रशिक्षार्थीहरूले परिषद्बाट संचालित कुनै पनि परीक्षामा सम्मिलित हुन पाउने छैन।

(२) उपदफा (१) बमोजिम नाम दर्ता गर्न तोकिएको शुल्क बुझाई परिषद् समक्ष तोकिएको ढाँचामा सम्बन्धित शिक्षालय मार्फत निवेदन दिनु पर्नेछ। यसरी तोकिएको शुल्क बुझाई दर्ता हुन निवेदन दिने प्रशिक्षार्थीको नाम परिषद्ले ३० दिनभित्र दर्ता गरी नाम दर्ता भएको प्रमाणपत्र निस्सा सम्बन्धित शिक्षालय मार्फत उपलव्ध गराउनेछ।

(३) सम्बन्धन प्राप्त शिक्षालयले भर्ना भएका प्रशिक्षार्थीहरूलाई तोकिए बमोजिम छात्रबृत्ति प्रदान गर्नु पर्नेछ।

१६. **<u>पाठ्यक्रम:-</u>** (१) शिक्षालयले स्वीकृति पाएका कार्यक्रमको पाठ्यक्रममा तोकिएको शैक्षिक प्रयोगात्मक तथा अन्य आवश्यकता पूरा हुने गरी अध्ययन अध्यापन सञ्चालन गर्नु पर्नेछ।

(२) परिषद्ले पाठ्यक्रममा परिवर्तन वा परिमार्जन भएमा सो कुराको जानकारी

सम्बन्धित शिक्षालयलाई दिइनेछ।

१७. **परीक्षाः**- (१) सम्बन्धन प्राप्त शिक्षालयले परिषद्को परीक्षा सम्बन्धी विनियम तथा निर्देशिका पालना गर्नु पर्नेछ।

(२) परिषद्ले तोकेको परीक्षा तालिका अनुसार सम्बन्धन प्राप्त शिक्षालयका परीक्षाहरूको परीक्षा परिषद्ले तोकेको समय र स्थानमा सञ्चालन हुनेछ।

१८. **उपाधि प्रदान गर्नेः**- सम्बन्धन प्राप्त शिक्षालयमा भर्ना भई पाठ्यक्रम अनुसारको अध्ययन पुरा गरी नियमानुसार लिइएको परीक्षामा सफल हुने प्रशिक्षार्थीहरूलाई परिषद्ले सम्बन्धित विषय तथा कार्यक्रमको उपाधि प्रदान गर्नेछ।

१९. **निरीक्षणः**- (१) परिषद् कार्यालयले विशेषज्ञहरू सहितको टोलीबाट सम्बन्धन प्राप्त शिक्षालयको नियमित निरीक्षण गर्नेछ।

(२) यसरी तोकिएका निरीक्षण टोलीले माग गरेको जानकारी वा तथ्यांक उपलव्ध गराउनु सम्बन्धित शिक्षालय वा शिक्षालयको संचालक समिति वा संचालक समितिका पदाधिकारी तथा सदस्यहरूको कर्तव्य हुनेछ।

(३) निरीक्षण टोलीले निरीक्षण गर्दा परिषद्को ऐन, नियम, विनियम र निर्धारित मापदण्ड तथा सम्बन्धन स्वीकृतिका शर्त र निर्देशनहरूका पालना नभएको पाइएमा त्रुटीहरू सच्याउन सम्बन्धित शिक्षालयलाई तत्कालै लिखित जानकारी दिनु पर्नेछ र सो कुरा निरीक्षण प्रतिवेदनमा उल्लेख गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको निरीक्षण प्रतिवेदन उपर विचार गरी परिषद् कार्यालयले उपयुक्त र आवश्यक आदेश निर्देशन दिन सक्नेछ र यसरी दिइएको आदेश एवं निर्देशन सम्बन्धन प्राप्त शिक्षालयले पूर्ण रुपमा पालना गर्नु पर्नेछ।

(५) कुनै शिक्षालय उपर उजुरी परेमा वा परिषद् कार्यालयले आवश्यक देखेमा शिक्षालयको आकस्मिक निरीक्षण तथा छानविन गरी प्राप्त प्रतिवेदनका आधारमा आवश्यक निर्णय गर्न सक्नेछ।

२०. **प्रतिवेदन पेश गर्नु पर्नेः**— सम्बन्धन प्राप्त शिक्षालयले प्रत्येक वर्ष आफ्नो काम कारवाहीको प्रगति प्रतिवेदन तथा अन्य आवश्यक सूचना तथा तथ्यांक परिषद् कार्यालय समक्ष पेश गर्नुपर्नेछ।

## परिच्छेद—३
## स्थायी सम्बन्धन

२१. **स्थायी सम्बन्धन प्रदान गर्नेः—** (१) परिषद्ले निर्धारण गरेका मापदण्ड तथा सम्बन्धनका शर्तहरू पुरा गरी अस्थायी सम्बन्धन प्राप्त शिक्षालयलाई सम्बन्धन सिफारिश समितिको सिफारिशमा परिषद्ले स्थायी सम्बन्धन दिन सक्नेछ।

(२) स्थायी सम्बन्धन स्वीकृति प्राप्त गर्न शिक्षालयले सूचना प्रकाशित भएको समयसीमा भित्र देहायका विवरण उल्लेख गरी प्रस्ताव सहित निवेदन पेश गर्नु पर्नेछ।

क. संस्थाको लक्ष्य, उद्देश्य तथा संरचनाको स्वरुप

ख. संस्थालाई सक्षम र दिगो बनाउने योजना

ग. प्रशिक्षक तथा कर्मचारीको विवरण

घ. सञ्चालन भएका शैक्षिक कार्यक्रमको विवरण

ङ. भौतिक पूर्वाधार, शैक्षिक सामाग्री तथा मेसिन/औजार उपकरणको विवरण

च. प्रयोगात्मक अभ्यासको सुनिश्चितता

छ. पुस्तकालय तथा सन्दर्भ सामाग्रीको विवरण

ज. पाठ्यक्रमको कार्यान्वयनको अवस्था र प्रशिक्षार्थीहरूको नतिजा

झ. रोजगारीका लागि उद्योग व्यवसायसँगको सम्बन्ध र उपलव्धी साथै उत्पादित जनशक्तिको रोजगारी तथा स्वरोजगारीको अवस्था विवरण

ञ. प्रशिक्षार्थीका लागि उपलव्ध सुविधाहरूको विवरण

ट. शिक्षालय सञ्चालन सम्बन्धी विनियमावली

ठ. शिक्षालय कर्मचारी सम्बन्धी विनियमावली (नियुक्ति, सेवा शर्त र सुविधा)

ड. शिक्षालय आर्थिक प्रशासन सम्बन्धी विनियमावली

ढ. स्वास्थ्य कार्यक्रमको हकमा अस्पतालको अवस्था

(३) शिक्षालयले सम्बन्धन प्राप्त गरेको प्रत्येक कार्यक्रमको स्थायी सम्बन्धनका लागि छुट्टा-छुट्टै वा एकै साथ आवेदन दिन सक्नेछ।

(४) प्राप्त निवेदनका आधारमा परिषद् कार्यालयबाट निरीक्षण गराई प्राप्त प्रतिवेदनका आधारमा सम्बन्धन सिफारिश समितिको सिफारिशमा परिषद्ले स्थायी सम्बन्धन सम्बन्धी निर्णय गर्न सक्नेछ।

(५) स्थायी सम्बन्धनको अवधि ५ (पांच) वर्षको हुनेछ र प्रत्येक ५ (पांच) वर्षमा नियमानुसार तोकिएको शुल्क बुझाई कार्यक्रम अद्यावधिक गर्नु पर्ने छ।

(६) उपदफा (५) मा जेसुकै लेखिए भएपनि सम्बन्धन प्राप्त कुनै शिक्षालयले परिषद्ले तोकेको मापदण्ड तथा निर्देशन पालन नगरेमा वा नगरेको सम्वन्धमा उजुरी परेमा परिषद् कार्यालयले सम्वन्धित शिक्षालयको निरीक्षण तथा छानविन गर्न सक्ने छ। प्राप्त

प्रतिवेदनका आधारमा आवश्यक कारवाहिको लागि परिषद्मा सिफारिश गर्न सकिनेछ।

(७) परिषद्द्वारा स्थायी सम्बन्धन दिंदा अनुसूची २ः मा व्यवस्था भए बमोजिमको स्थायी सम्बन्धन मूल्याङ्कन फाराम प्रयोग गरीनेछ।

(८) स्थायी सम्बन्धनका लागि दरखास्त दिंदा दरखास्त दस्तुर रु. १०,०००/- र निरीक्षण शुल्क डिप्लोमा रू १०००००।,प्राविधिक एस.एल.सी.को लागि रू ५००००।र छोटो अवधीको तालिमको रू २५००० तथा स्थायी सम्बन्धन शुल्क प्रति कार्यक्रम डिप्लोमा तथा प्रमाणपत्र तहको रु २,००,०००/-, प्राविधिक एस.एल.सी.को रु. १,००,०००/- छोटो अवधीको तालीमको रु. ५०,०००/- र प्रति थप कार्यक्रम डिप्लोमा तथा प्रमाणपत्र तहको लागि रू १,००,०००/-, प्राविधिक एस.एल.सी.को लागि रु. ५०,०००/- र छोटो अवधीको तालीमको प्रति थप कार्यक्रम रु. २५०००/- को बैंक भौचर सम्लग्न गर्नुपर्नेछ।

(९) स्थायी सम्बन्धन प्राप्त गरेको पाँच बर्ष पछि नविकरण गर्दा प्रति कार्यक्रम डिप्लोमा तथा प्रमाणपत्र तहको लागि रु. २,००,०००/- र प्रति थप कार्यक्रम शुल्क रु. १,००,०००/-, प्राविधिक एस.एल.सी.को लागि रु. १,००,०००/- र प्रति थप कार्यक्रमको लागि शुल्क रु. ५०,०००/- र छोटो अवधीको तालीमको प्रति कार्यक्रम रु. १०,०००/- को बैंक भौचर सम्लग्न गर्नुपर्नेछ।

*२१क. नविकरण गर्नुपर्नेः (१) नियमावलीको नियम १८ बमोजिम अस्थायी स्वीकृति प्राप्त संस्थाले सम्बन्धन प्राप्त गरेको दुइवर्ष पछी प्रत्यक शैक्षीक सत्रका लागि नियमानुसार शुल्क जम्मागरी नविकरण गर्नु पर्ने छ ।

(२) नियमावलीको नियम १९ बमोजिम स्थायी स्वीकृति प्राप्त संस्थाले प्रत्यक ५ शैक्षीक शत्रका लागि नियमानुसार शुल्क जम्मागरी नविकरण गर्नुपर्ने छ ।

(३) परिषद् कार्यालयले तोकेको समय भित्र नविकरण नगर्ने संस्थाले सोही शैक्षीक शत्र भित्र नियमीत शुल्कको दोब्बर शुल्क तिरी नविकरण गर्न पाउने छन् ।

(४) चालु शैक्षिक शत्र समाप्त भएपछी नविकरण गर्न चाहने संस्थाले नियमीत शुल्कको अतिरिक्त दोब्बर शुल्क (त्रिबल) तिरी नविकरण गर्न पाउने छन् ।

(५) उपदफा (३) बमोजिमको सूचना भएको मितिले (पाँच) वर्ष सम्म नियमीत शुल्कको

* पहोलो संसोधनवाट थप

अतिरिक्त दोब्बर शुल्क तिरी नविकरण गर्न सकिनेछ ।

(६) उपदफा (५) बमोजिम नविकरण नभएका संस्थाको नविकरण हुन सक्ने छैन् ।

२२. **आवेदन फिर्ता लिन सकिनेः-** सम्बन्धन स्वीकृति सिफारिश समितिले आवेदन स्वीकृत वा अस्वीकृत गर्नु अगावै आवेदकले आफ्नो सम्बन्धन सम्बन्धी आवेदन फिर्ता लिन चाहेमा संवन्धन सिफारिश समितिको निर्णयानुसार फिर्ता लिन सक्नेछ।

## परिच्छेद—४

## सम्बन्धन स्थगन वा खारेजी

२३. **सम्बन्धन स्थगन वा खारेजी हुनेः**—(१) सम्बन्धन प्राप्त शिक्षालयले सम्बन्धनका लागि तोकिएको मापदण्डहरू पुरा गर्न नसकेमा वा परिषद्को ऐन, नियम, विनियम, आदेश, निर्देशन विपरित कार्य वा शैक्षिक उद्देश्य विपरित हुने गरी कार्य गरे गराएको पाइएमा वा झुठो विवरण पेश गरेमा त्यस्तो शिक्षालयले प्राप्त गरेको सम्बन्धन पुरै वा आंशिक रुपमा स्थगन वा खारेज हुन सक्नेछ।

(२) यसरी सम्बन्धन स्थगन वा खारेज गर्नु अघि सम्बन्धित शिक्षालयलाई सफाइको मनासिव मौका दिइनेछ।

(३) परिषद् वा परिषद् कार्यालयले उपदफा २ बमोजिम शिक्षालयको स्पष्टिकरण, छानविन समितिको प्रतिवेदन प्राप्त भएपछि शिक्षालयलाई देहाय बमोजिमको सजाय गर्न सक्नेछ।

क. सामान्य सजाय

१. नसिहत दिने

२. कार्यक्रम तोकी दुई वर्ष सम्म सम्बन्धन, स्वीकृति स्थगन गर्ने

३. शिक्षालयले पाएको सम्पूर्ण कार्यक्रमको सम्बन्धन, स्वीकृति समय तोकी स्थगन गर्ने

ख. विशेष सजाय

१. कार्यक्रम तोकी शिक्षालयले पाएको सम्बन्धन स्वीकृति रद्द गर्ने

२. शिक्षालयले पाएको सम्पूर्ण कार्यक्रमको सम्बन्धन स्वीकृति रद्द गर्ने

(४) उपदफा (३) क. बमोजिमको सजाय परिषद् कार्यालयले गर्ने र (३) ख. बमोजिमको सजायका लागि परिषद् समक्ष सिफारिस गर्नेछ।

(५) छोटो अवधिका तालीम कार्यक्रमहरूको सामान्य र विशेष सजाय परिषद् कार्यालयले गर्न सक्नेछ।

२४. **<u>सम्बन्धन स्थगन वा खारेज गर्ने प्रक्रियाः</u>**— (१) सम्बन्धन स्थगन वा खारेज गर्नु पर्ने अवस्था सिर्जना भएमा वा जानकारी हुन आएमा परिषद् कार्यालयले सम्बन्धित शिक्षालयलाई तत्सम्बन्धी निश्चित अवधि तोकि स्पष्टीकरण पेश गर्न आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित शिक्षालयबाट स्पष्टीकरण पेश भएपछि वा स्पष्टीकरणको म्याद समाप्त भएपछि परिषद् कार्यालयले तत्सम्बन्धमा प्रारम्भिक छानविन गर्दा कारवाही गर्नु पर्ने देखिएमा छानविन समिति गठन गरी शिक्षालयको छानविन गराई प्राप्त प्रतिवेदनका आधारमा कारवाहिको सिफारिश गर्नेछ।

(३) परिषद्ले उपदफा (२) बमोजिम शिक्षालयको स्पष्टीकरण, छानविन समितिको प्रतिवेदन र परिषद् कार्यालयको सिफारिश प्राप्त भएपछि दफा २३ बमोजिम सामान्य वा विशेष सजाय गर्ने छ।

२५. **<u>सम्बन्धन स्थगन वा खारेजीको सूचनाः</u>**— दफा २४ को उपदफा (३) बमोजिम परिषद्को निर्णयबाट कुनै शिक्षालयको सम्बन्धन स्थगन वा खारेज भएमा त्यस्तो कारण समेत उल्लेख गरी सम्बन्धन स्थगन गर्न वा खारेजीको आदेश सम्बन्धन प्राप्त शिक्षालयलाई त्यस्तो निर्णय भएको मितिले ३० दिन भित्र दिईसक्नु पर्नेछ।

२६. **<u>सम्बन्धन स्थगन वा खारेजी भएमा अध्ययन पुरा गराउने दायित्व व्यहोर्नु पर्नेः</u>**—(१) सम्बन्धन स्थगन वा खारेज भएमा सम्बन्धन प्राप्त शिक्षालयले नयाँ प्रशिक्षार्थी भर्ना गर्न पाउने छैन। तर भर्ना भइसकेका प्रशिक्षार्थीको हकमा सो तह पुरा गर्न लाग्ने बाँकी अवधिसम्म अध्ययन पुरा गर्नु पर्ने दायित्व सम्बन्धित शिक्षालयले व्यहोर्नु पर्नेछ।

(२) परिषद्ले आवश्यक देखेमा उपदफा (१) बमोजिम सम्बन्धन स्थगन वा खारेज भएको शिक्षालयमा अध्ययनरत प्रशिक्षार्थीहरूको बांकी अवधिको अध्ययन आफैले वा अन्य कुनै निकायले पुरा गराउने गरी परिषद्ले आवश्यक निर्णय गर्न सक्नेछ।

(३) सम्बन्धन स्थगन वा खारेज भएका शिक्षालयले परिषद्बाट आफुलाई प्राप्त भएका सबै चल अचल सम्पती परिषद्लाई तुरुन्त फिर्ता गर्नु पर्नेछ।

## परिच्छेद—५

## विविध

२७. **<u>नामसारी तथा स्वामित्व हस्तान्तरणः</u>**- (१) शिक्षालयले संस्था दर्ता रहेको निकायबाट

नामसारी स्वामित्व हस्तान्तरण भै आएपछि नियमानुसार शुल्क जम्मा गरी नामसारी स्वामित्व हस्तान्तरणको लागि निवेदन दिएमा परिषद्का हकमा समेत नामसारी, स्वामित्व हस्तान्तरण गरिनेछ।

(२) परिषद्बाट सम्बन्धन स्वीकृति प्राप्त शिक्षालयको कुनै कार्यक्रम अर्को कुनै शिक्षालयमा नामसारी, स्वामित्व हस्तान्तरण गर्नु पर्ने भएमा परिषद् आर्थिक विनियमावलीमा तोकिएको नामसारी, स्वामित्व हस्तान्तरण शुल्कको दोब्बर शुल्क लिई परिषद् कार्यालयले नामसारी, स्वामित्व हस्तान्तरण गर्न सक्नेछ।

२८. **<u>ठाउँसारी सम्बन्धी व्यवस्थाः</u>**- (१) शिक्षालयको ठाउँसारी गर्नु परेमा सुगम स्थानबाट दुर्गम स्थानमा र जिल्ला सदरमुकामबाट स्थानीय तहमा  ठाउँसारी गर्न चाहने शिक्षालयहरूलाई प्राथमिकताका साथ ठाउँसारीको सहमती दिइने छ। काठमाण्डौ, भक्तपुर र ललितपुर (काठमाण्डौ उपत्यका) लाई एउटै जिल्ला मानिने छ।   यसरी ठाउँसारी स्वीकृति दिनु पूर्व सम्बन्धित विषय विज्ञद्वारा निरीक्षण मूल्यांकन गरी अनिवार्य रुपमा सिफारिश भएको हुनु पर्नेछ।

(२) एउटै प्रदेश भित्र ठाउसारी गर्दा प्राविधिक शिक्षालयहरू सञ्चालन नभएका स्थानीय तहहरूमा शिक्षालय ठाउँसारी गर्न प्राथमिक दिइनेछ।

(३) नामसारी तथा स्वामित्व हस्तान्तरण सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

क. तोकिएको शुल्क जम्मा गरी ठाउँसारीका लागि निवेदन दिन सकिनेछ।

ख. निवेदन प्राप्त भएपछि सम्बन्धित विषयका विज्ञबाट निरीक्षण गरी उक्त सिफारिशका आधारमा ठाउँसारी दिन सकिनेछ।

ग. आफुले सञ्चालन गरेको कार्यक्रमसँग सम्बन्धित कम्पनीको नामसारी गर्न तोकिएको शुल्क तिरी निवेदन दिन सकिनेछ।

घ. निवेदन प्राप्त भएपछि दावी विरोधका ३५ दिनको सार्वजनिक सूचना प्रकाशित गरी उपयुक्त ठहरिएमा नामसारी दिइनेछ।

ङ. कुनै कम्पनीले आफुले संम्बन्धन स्वीकृति पाएको कार्यक्रम अन्यत्र हस्तान्तरण गर्न चाहेमा तोकिएको शुल्क तिरी आवेदन दिन सकिनेछ।

च. कार्यक्रम हस्तान्तरण हुने स्थानमा संम्बन्धित विषय विज्ञबाट अनुगमन गरी उपयुक्त ठहरिएमा सहमती प्रदान गर्न सकिनेछ।

२९. **<u>शिक्षालयका प्रशिक्षकहरूको योग्यता तथा पदनामः</u>** (१) प्राविधिक विषयका

प्रशिक्षकहरूको शैक्षिक योग्यता पाठ्यक्रमले तोके बमोजिम हुनु पर्नेछ।

(२) प्रयोगशालामा अभ्यास गराउने कार्य कम्तिमा २ वर्षको कार्य अनुभव सहित समानस्तरको योग्यता भएका व्यक्तिले गराउन सक्ने छन्।

(३) शिक्षालयमा प्रशिक्षण गराउने प्रशिक्षकहरूको पद नाम देहाय बमोजिम रहने छ।

क. प्रयोगशाला सहायकः सम्बन्धित विषयमा टि.एस.एल.सी. वा सो सरह

ख. सहायक प्रशिक्षकः सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र तह वा डिप्लोमा वा सो सरह

ग. प्रशिक्षकः सम्बन्धित विषयमा प्राविधिक स्नातक उत्तीर्ण वा सो सरह

घ. वरिष्ठ प्रशिक्षकः प्रशिक्षक पदमा न्यूनतम ५ वर्ष सम्म कार्य गरी बढुवा प्राप्त

ङ. मुख्य प्रशिक्षकः वरिष्ठ प्रशिक्षक पदमा न्यूनतम ५ वर्ष कार्यगरी बढुवा प्राप्त

३०. **<u>न्यूनतम पारिश्रमिक दिनु पर्नेः</u>**— सम्बन्धन प्राप्त शिक्षालयहरूले नियुक्त गरेका प्रशिक्षक कर्मचारीको स्तर वा तह अनुसार नेपाल सरकारबाट तोकिएको पारिश्रमिकमा नघट्ने गरी पारिश्रमिक दिनु पर्नेछ र उक्त पारिश्रमिक भुक्तानी भएको विवरण नियमानुसार कर कट्टी तथा लेखा परिक्षणबाट पुष्टि भएको हुनु पर्नेछ।

३१. **<u>शिक्षालयको संचालक हुन नपाउनेः</u>**— (१) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम सम्बन्धी शिक्षालय सञ्चालनका लागि कुनै एक (प्राकृतिक) व्यक्ति बढीमा ३ वटा (कृतिम व्यक्ति) शिक्षालयको सञ्चालक वा स्वामि हुन सक्नेछ।

(२) यो कार्यविधि प्रारम्भ हुनु पूर्व कुनै एक व्यक्ति ३ भन्दा बढी शिक्षालयको सञ्चालक कायम रहेको भएमा यो नियम प्रारम्भ भएको मितिले एक वर्ष भित्र उपदफा (१) बमोजिमको प्रावधानलाई कार्यान्वयन गरी सक्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधि भित्र कार्यविधि कार्यान्वयन नगर्ने व्यक्ति वा शिक्षालयलाई यस कार्यविधि २४ मा उल्लेख भए बमोजिमको कार्यवाही गरिनेछ।

३२. **<u>सम्बन्धन प्राप्त शिक्षालयले बुझाउनु पर्ने शुल्कहरुः</u>**— (१) प्रत्येक सम्बन्धन प्राप्त शिक्षालयले परिषद्ले तोकिदिएको देहाय बमोजिमका शुल्कहरू निर्धारित समयभित्र परिषद्लाई बुझाउनु पर्नेछ।

क. आवेदन दर्ता शुल्क

ख. बार्षिक सम्बन्धन शुल्क

ग. प्रशिक्षार्थी दर्ता (रजिस्ट्रेसन) शुल्क

घ. परीक्षा शुल्क

ङ. प्रमाणपत्र शुल्क

च. निरीक्षण शुल्क

छ. स्थलगत निरीक्षण शुल्क

ज. पूर्वाधार निरीक्षण शुल्क

झ. पुन निरीक्षण शुल्क

ञ. फर्म खरिद शुल्क

ट. सम्बन्धन शुल्क

ठ. नामसारी स्वामित्व हस्तान्तरण/समायोजन

ड. नाम परिवर्तन

ढ. नविकरण

न. तोकिएका अन्य शुल्क

(२) परिषद्बाट तोकिएका शुल्कहरू र शुल्कका दरहरू समय समयमा परिवर्तन हुन सक्नेछ।

(३) उपदफा १ मा उल्लेखित वाहेकका अन्य शुल्क परिषद्ले तोके बमोजिम हुने छ।

३३. **खर्च व्यहोर्नु पर्नेः**- सम्बन्धन प्राप्त शिक्षालयले यस परिच्छेद बमोजिम निरीक्षण वा छानविन गराउनु पर्ने भनी निवेदन गरेमा आर्थिक विनियमावली बमोजिमको शुल्क बुझाउनु पर्ने छ।

३४. **धरौटी, निरीक्षण र सम्बन्धन शुल्क सम्बन्धी व्यवस्थाः** (१) सम्बन्धन प्राप्त शिक्षालयले नियमावलीमा तोकिएको धरौटी रकम परिषद् कार्यालयले तोकेको बैंक वा वित्तिय संस्थामा जम्मा गर्नु पर्नेछ। उक्त कोषको साँवा रकम खर्च गर्न पाइने छैन। व्याजको ७५ (पचहतर प्रतिशत) रकम शिक्षालय वा शिक्षण संस्थाको भौतिक विकास निर्माण, शैक्षिक विकास कार्यमा खर्च गर्नु पर्नेछ र २५ (पच्चीस प्रतिशत) अक्षय कोषमा नै थप गर्दै लैजानु पर्नेछ। नियम विपरित कार्य गरेमा जुनसुकै बेला परिषदले उक्त धरौटी रकम जफत गर्न सक्नेछ। परिषद्द्वारा सञ्चालन गरीने आंगिक शिक्षालय, सामुदायिक विद्यालयमा प्राविधिक शिक्षालय, स्थानीय तहको साझेदारीमा सञ्चालन हुने शिक्षालय र सरकारी निकायद्वारा सञ्चालित प्राविधिक शिक्षालयहरूले धरौटि रमक जम्मा गर्नु पर्नेछैन।

(२) सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रमका लागि निरीक्षण शुल्क

तोकिएको शुल्कको ५०% लिइनेछ। स्थानीय सरकारको साझेदारीमा सञ्चालन हुने कार्यक्रम वा सरकारी निकायद्वारा सञ्चालित कार्यक्रमहरूको लागि कुनै पनि निरिक्षण शुल्क लिइने छैन।

(३) सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम, स्थानीय तहको साझेदारीमा सञ्चालन हुने कार्यक्रम र सरकारी निकायद्वारा सञ्चालित कार्यक्रमहरूको लागि सम्बन्धन शुल्क लिइने छैन।

**३५. परिषद् जवाफदेही नहुने:—** सम्बन्धन प्राप्त शिक्षालयले गरेको कुनै प्रकारको आर्थिक प्रशासनिक एवं अन्य काम कारवाही र कारोबारको दायित्व प्रति परिषद् जवाफदेही हुने छैन।

**३६. आदेश वा निर्देश दिन सक्ने:—** परिषद् कार्यालयले आवश्यक ठानेमा सम्बन्धन प्राप्त शिक्षालयलाई यस कार्यविधिमा लेखिए बाहेक अन्य थप आदेश वा निर्देशन दिन सक्नेछ र यस्तो आदेश वा निर्देशनको पालना गर्नु सम्बन्धित शिक्षालयको कर्तव्य हुनेछ।

**३७. अधिकार प्रत्यायोजन:—** परिषद्ले यस कार्यविधि अन्तर्गत प्राप्त अधिकारहरू मध्ये आंशिक वा सम्पूर्ण अधिकार सम्बन्धन सिफारिश समिति वा कुनै पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

**३८. कार्यविधिमा नपरेका कुराहरू सम्बन्धमा:—** यस कार्यविधिमा उल्लेख भएका कुराका हकमा यसै कार्यविधि बमोजिम हुनेछ र सो बाहेकका कुराहरूका हकमा ऐन, नियम, विनियम र परिषद्को निर्णयसँग नबाझिने गरी सम्बन्धन सिफारिश समितिले आवश्यक निर्णय गर्न सक्नेछ। सम्बन्धन सिफारिश समितिको निर्णय अनुसार भए गरेका कार्यहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

**३९. कार्यविधिको व्याख्या:—** यस कार्यविधिको व्याख्या गर्ने अधिकार परिषद् केन्द्रीय कार्यालयलाइ हुनेछ।

# अनुसूची १: अनुगमन फाराम

## प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

अनुगमन फाराम

**अनुगमनको उद्देश्यहरू:**

१. प्राविधिक तथा व्यावसायिक शिक्षा एंव तालीमको गुणस्तर कायम राखि शिक्षालयको लगानी, शैक्षिक क्रियाकलाप, प्रतिफल, तथा प्रभाबलाई नियमित तथा व्यवस्थित गर्न।

२. सूचना तथा पृष्ठपोषण उपलब्ध गराई सापेक्षिक सुधारको प्रत्याभूत गर्न।

३. पारदर्शिता तथा सामाजिक जबाफदेहिता अभिबृद्धि गरी सुशासन प्रबर्धन गर्ने कार्यमा मद्दत पुऱ्याउन।

**निर्देशन:**

यो फाराम शिक्षालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा (प्रा. एसएलसी, डिप्लोमा तथा प्रमाणपत्र तह) कार्यक्रमहरुको अनुगमन गर्नको लागि तयार गरिएको हो। यो फाराम शिक्षालयहरूले स्व-मूल्यांकन गर्न पनि प्रयोग गर्न सक्नेछन्। अनुगमन गर्ने विज्ञ/पदाधिकारी/कर्मचारीले यो फाराममा भर्न पर्ने सम्पूर्ण विवरणहरु स्थलगत भ्रमण गरी कार्यस्थलमा स्पष्टसँग भर्नुका साथै प्रमाणको लागि आवश्यक पर्ने अन्य कागजातहरु यसै फाराम साथ संलग्न गरी पञ्जिका समेत बनाई सम्बन्धित निकायमा तोकिएको समय भित्र पेश गर्नु पर्नेछ।

**अनुगमनको प्रकार:-**

☐नियमित ☐आकस्मिक

अनुगमन आकस्मिक भए सोको कारण:

अघिल्लो अनुगमन गरिएको मिति:

**प्राविधिक शिक्षालय सम्बन्धी विवरण:-**

| | |
|---|---|
| क. प्राविधिक शिक्षालयको नाम: | |
| ख. शिक्षालयको प्रकार: | ☐आंगिक ☐सामुदायिक/सरकारी ☐साझेदारी ☐ निजी / गैह्रनाफामुलक |
| ग. प्राचार्य/प्रधानाध्यापकको नाम र फोन नं: | |
| घ. सञ्चालक/व्यवस्थापन समितिको अध्यक्षको नाम: | |
| ङ. कोअर्डिनेटर/सम्पर्क व्यक्तिको नाम र फोन नं: | |

च. सञ्चालित प्राविधिक तथा व्यावसायिक विषय/कार्यक्रमहरु:

| डिप्लोमा/प्रमाणपत्र तह | प्र-डिप्लोमा तह |
|---|---|
| | |

| | | |
|---|---|---|
| छ. ठेगाना: | प्रदेश:<br>जिल्ला:<br>गाउँ पालिका/नगर पालिका:<br>पत्राचार गर्ने ठेगाना: | वडा नं. :<br>फोन नं. :<br>सम्पर्क व्यक्तिको मोबाईल नं. :<br>ई-मेल/फ्याक्स: |

१. मापदण्ड १: भौतिक पूर्वाधार

| क्र. सं. | आधार/विवरण | छ | छैन | कैफियत (छैन भने के-के छैन उल्लेख गर्ने) |
|---|---|---|---|---|
| १. | शिक्षालय भवन [शान्त, स्वच्छ वातावरण युक्त, खुल्ला भाग भएको र पर्खालले घेरिएको] | | | |
| २. | ***कक्षाकोठा: प्रति विद्यार्थी ०.७५ बर्ग मीटर (३ वर्षे कार्यक्रमको लागि कम्तिमा ३ वटा कक्षा कोठा र प्र-डिप्लोमाको लागि कम्तिमा १ कोठा प्रति कार्यक्रमको लागि)** | | | |
| ३. | कक्षाकोठामा Multimedia: प्र-डिप्लोमाकोलागि: १ (प्रति कार्यक्रम) र प्रमाणपत्र/डिप्लोमा तहकोलागि: प्रत्येक कक्षा कोठामा हुनुपर्ने। | | | |
| ४. | प्रत्येक कक्षाकोठामा white/black board र प्रयोगात्मक अभ्यासको लागि skill lab पाठ्यक्रम अनुसार भएको | | | |
| ५. | कक्षाकोठाको सरसफाई र प्रकाश, भेन्टिलेशन र तापक्रमको अवस्था: कक्षाकोठा सफा, शैक्षिक सामाग्रीहरु व्यवस्थित र सुरक्षित तरीकाले राखिएको। | | | |
| ६. | शुद्ध पिउने पानी | | | |
| ७. | विद्युत तथा विद्युतको वैकल्पिक व्यवस्था | | | |
| ८. | चमेना गृह: व्यवस्थित (मेनु प्रदर्शन गरिएको, सफा र खाने/वस्ने ठाउँ भएको) | | | |
| ९. | इन्टरनेट/फोन/फोटोकपी मेशिन | | | |
| १०. | पठन पाठनकोलागि उपयुक्त डेक्स-वेन्च | | | |
| ११. | प्रशिक्षक/कर्मचारीहरुलाई बस्न र काम गर्न पर्याप्त स्थान (प्रति व्यक्ति कम्तिमा २ वर्ग मिटर) | | | |
| १२. | शौचालय (सफा; पर्याप्त पानीको व्यवस्था साथै महिला र पुरुष कोलागि छुट्टा छुट्टै हुने गरी १:२० को अनुपातमा) | | | |
| १३. | पुस्तकालय: एक कार्यक्रमको लागि कम्तीमा ४० वर्ग मिटर क्षेत्रफल र एउटा भन्दा बढी कार्यक्रम सञ्चालन हुने भएमा थप कार्यक्रमको लागि १५ वर्ग मिटर थप क्षेत्रफल। | | | |
| १४. | पुस्तकालयमा अध्ययन कक्षको व्यवस्था: एक चौथाई प्रशिक्षार्थी एकै साथ बसेर अध्ययन गर्न पुग्ने। | | | |
| १५. | पुस्तकालयमा पाठ्यक्रममा उल्लेख भए बमोजिमका पाठ्यपुस्तकहरु: प्रत्येक विषयको लागि विद्यार्थी संख्याको कम्तीमा ५० प्रतिशत पाठ्यपुस्तकको व्यवस्था। | | | |
| १६. | पुस्तकालयमा Reference Book, Manual का साथै पत्र पत्रिकाहरु र वुलेटिनहरुको पर्याप्त व्यवस्था। | | | |
| १७. | पुस्तकालय कम्तिमा पनि १ घण्टा कक्षा समय बाहेक खुला राख्ने व्यवस्था। | | | |
| १८. | पुस्तकालयमा आवश्यक फर्निचर, दराज, कुर्सी, र्‍याकको व्यवस्था। | | | |
| १९. | शिक्षालयमा खेलकुदका निम्ति आवश्यक खेल मैदान (भलिवल, बास्केटवल, व्याडमिण्टन र टेवलटेनिस मध्ये कम्तीमा एउटा Outdoor वा Indoor कोर्ट) को व्यवस्था | | | |

| क्र. सं. | आधार/विवरण | छ | छैन | कैफियत (छैन भने के-के छैन उल्लेख गर्ने ) |
|---|---|---|---|---|
| २०. | प्राविधिक शिक्षालयमा प्राथमिक उपचारको लागि सुविधा र सुरक्षा (व्यक्तिगत, कार्यस्थल, औजार तथा उपकरण) को अवस्था। | | | |

**२. मापदण्ड २: मानव संशाधन (प्रशिक्षण तथा प्रशासनिक कर्मचारीहरुको व्यवस्था)**

| क्र. सं. | आधार/विवरण | छ | छैन | कैफियत (छैन भने के-के छैन उल्लेख गर्ने) |
|---|---|---|---|---|
| १. | प्राचार्य/प्रधानाध्यापक:<br>डिप्लोमा/प्रमाणपत्र तहको लागि: संस्थामा सञ्चालित प्राविधिक विषयमा स्नातक तह उत्तिर्ण गरी ५ वर्षको कार्य अनुभव वा स्नातकोत्तर उत्तिर्ण<br>प्र-डिप्लोमाको लागि: संस्थामा सञ्चालित प्राविधिक विषयमा प्रमाणपत्र वा डिप्लोमा तह उत्तिर्ण गरी ५ वर्षको कार्य अनुभव वा स्नातक तह उत्तिर्ण<br>नोट:<br>• प्राचार्य/प्रधानाध्यापकको लागि छुट्टै कार्य कक्षको व्यवस्था भएको हुनुपर्ने छ। | | | |
| २. | *** कार्यक्रम संयोजक:**<br>**डिप्लोमा/प्रमाणपत्र तहको लागि: सम्वन्धित विषयमा स्नातक तह उत्तिर्ण गरी ३ वर्षको कार्य अनुभव वा स्नातकोत्तर उत्तिर्ण**<br>**प्र-डिप्लोमाको लागि: सम्वन्धित विषयमा प्रमाणपत्र वा डिप्लोमा तह उत्तिर्ण गरी ३ वर्षको कार्य अनुभव वा स्नातक तह उत्तिर्ण**<br>**नोटः कार्यक्रम संयोजक पूर्णकालिन हुन पर्नेछ।** | | | |
| ३. | *** प्रशिक्षक (१:१०):**<br>**डिप्लोमा/प्रमाणपत्र तहको लागि: सम्वन्धित विषयमा कम्तिमा स्नातक तह उत्तिर्ण**<br>**प्र-डिप्लोमाको लागि: सम्वन्धित विषयमा कम्तिमा प्रमाणपत्र वा डिप्लोमा तह उत्तिर्ण**<br>**नोटः प्रशिक्षकहरु कम्तिमा ५० प्रतिशत पूर्णकालिन र व्यवस्था भए अनुसार सम्वन्धित व्यावसायि परिषद्को प्रमाणपत्र प्राप्त गरेको हुन पर्नेछ।** | | | |
| ४. | प्रशिक्षण/कार्यशाला सहायक (१): | | | |
| ५. | कम्तिमा १० दिने क्षमता अभिवृद्धि तालीम [प्रशिक्षण प्रशिक्षक तालीम (IS/TOT) वा व्यावसायिक दक्षता तालीम (OSU)] प्राप्त प्रशिक्षक प्रति कार्यक्रम कम्तिमा १ जना | | | |
| ६. | प्रशिक्षक तथा प्रशासनिक कर्मचारीहरुसँगको नियमित वैठक (वर्षको कम्तिमा ४ पटक) | | | |
| ७. | प्रशिक्षकहरुको कार्य सम्पादन मूल्यांकन पारदर्शी ढंगले गर्ने गरिएको (प्रशिक्षार्थीहरुको पृष्ठपोषण र अन्य सूचकका आधारमा तयार गरीएको फाराम प्रयोग गरी) | | | |
| ८. | प्रशिक्षक तथा कर्मचारीहरुलाई कार्य सम्पादनको आधारमा प्रोत्साहित गर्ने प्रणालीको प्रमाण | | | |

| क्र. सं. | आधार/विवरण | छ | छैन | कैफियत (छैन भने के-के छैन उल्लेख गर्ने) |
|---|---|---|---|---|
| ९. | प्रशिक्षकहरुको टिकाउ दर (Retention rate)<br>नोटः कम्तिमा ७५% प्रशिक्षकहरुले एक शैक्षिक सत्र सम्म अध्यापन गरेको हुन पर्ने। | | | |
| १०. | सहयोगी कर्मचारीहरुको व्यवस्था (लाईब्रेरियन, रिशेप्सनिष्ट, लेखा तथा प्रशासनिक कर्मचारी, कार्यालय सहयोगी आदि)<br>नोटः सोधपुछ कक्ष र लेखा/प्रशासन कक्ष छुट्टै हुनु पर्नेछ। | | | |

**३. मापदण्ड ३: संस्थागत व्यवस्थापन तथा योजना**

| क्र.सं. | आधार/विवरण | छ | छैन | कैफियत (छैन भने के-के छैन उल्लेख गर्ने) |
|---|---|---|---|---|
| १. | वार्षिक बजेट तथा योजना (प्रशिक्षणको लागि बजेटको व्यवस्था) | | | |
| २. | शिक्षालयको ५ वर्षे रणनीतिक योजना र वार्षिक कार्य योजना तयार गरी लागु | | | |
| ३. | शिक्षालय सञ्चालन सम्वन्धी नीति र कर्मचारी सम्वन्धी विनियमावली/ निर्देशिका तयार गरी लागु | | | |
| ४. | वार्षिक उपलब्धिको ग्राफिकल स्वरुपमा प्राचार्य कक्ष तथा शिक्षालय हातामा प्रदर्शन गरिएको (Bar or Pie Diagram showing no.of applicants, enrollment, sex, disadvantaged groups, dropouts and graduates per year and the records of free ship and scholarships) | | | |
| ५. | शिक्षालयको संगठनात्मक ढाँचा तयार गरी प्राचार्य कक्षमा प्रदर्शन | | | |
| ६. | प्रत्येक कर्मचारीलाई कार्य विभाजन र टि.ओ.आर (Job description and Terms of Reference) प्रदान | | | |
| ७. | *** शुल्क संरचना परिषद्ले तोके बमोजिम** | | | |
| ८. | वार्षिक प्रगती प्रतिवेदन परिषद् वा परिषद्को प्रदेश कार्यालयमा पेश गरेको | | | |
| ९. | शिक्षालय सञ्चालक समितिको वैठक वर्षमा कम्तिमा १ पटक बसेको | | | |
| १०. | व्यवस्थापन समितिको वैठक वर्षमा कम्तिमा ४ पटक बसेको (कम्तिमा १ पटकको वैठकमा १ जना परिषद् प्रतिनिधि हुनपर्ने ) | | | |

| क्र.सं. | आधार/विवरण | छ | छैन | कैफियत (छैन भने के-के छैन उल्लेख गर्ने) |
|---|---|---|---|---|
| ११. | शिक्षालयको नाममा बैंक खाता सञ्चालन र शुल्क बैङ्क मार्फत लिएको हुनुपर्ने। | | | |
| १२. | जिन्सि व्यवस्थापन तथा अभिलेख | | | |
| १३. | नागरीक वडापत्र र सुझाव-पेटिका देखिने स्थानमा | | | |
| १४. | अधिकार प्राप्त व्यक्तिको अनुपस्थितिमा अधिकार प्रत्यायोजन सम्वन्धी व्यवस्था | | | |
| १५. | अघिल्लो अनुगमनबाट प्राप्त पृष्ठपोषण कार्यान्वयनको अवस्था | | | |

**४. मापदण्ड ४: प्रशिक्षण तथा सिकाई**

| क्र. सं. | आधार/विवरण | छ | छैन | कैफियत (छैन भने के-के छैन उल्लेख गर्ने) |
|---|---|---|---|---|
| १. | शिक्षालयको शैक्षिक क्यालेण्डर तयारी तथा प्रयोग | | | |
| २. | * **विषयगत वार्षिक प्रशिक्षण कार्ययोजना तयारी तथा प्रयोग** | | | |
| ३. | प्रत्येक विषयको पाठ-योजना र शैक्षिक सामाग्री निर्माण तथा प्रयोग | | | |
| ४. | प्रशिक्षण लग बुक तयारी | | | |
| ५. | प्रशिक्षार्थीको हाजिरी व्यवस्थापन | | | |
| ६. | सैद्धान्तिक तथा प्रयोगात्मक आन्तरिक परीक्षा सञ्चालन तथा अभिलेखिकरण | | | |
| ७. | सैद्धान्तिक तथा प्रयोगात्मक विषयको सिफ्ट प्लान (Shift Plan) तयार गरी प्रयोग गर्ने | | | |
| ८. | कार्यशाला/प्रयोगशाला तथा स्किल ल्याव रुम (Skill Lab Room) को सामाग्रीहरुको प्रभावकारी उपयोग तथा व्यवस्थापन (प्रयोगात्मक अभ्यास लगबुकको प्रयोग) | | | |
| ९. | प्रशिक्षार्थीको पृष्ठपोषणको आधारमा सुधारको पहल | | | |
| १०. | विषय सम्वन्धी अतिरिक्त सह-कृयाकलापको व्यवस्था<br>(जस्तै: हाजिरीजवाफ, वक्तित्वकला, निवन्ध लेखन, सीप प्रदर्शन प्रतियोगिता आदि) | | | |
| ११. | उद्यमशिलता विकास सम्वन्धी प्रशिक्षण (श्रोत व्यक्ति/विज्ञसँगको छलफल) | | | |

| क्र. सं. | आधार/विवरण | छ | छैन | कैफियत (छैन भने के-के छैन उल्लेख गर्ने) |
|---|---|---|---|---|
| १२. | समुदाय/उद्योग व्यवसाय, सम्वन्धित कार्यालय र अन्य सरोकारवालाहरुसँग आधिकारीक सम्वन्ध कायम गरेको अवस्था | | | |
| १३. | *** पाठ्यक्रममा उल्लेखित प्रयोगात्मक तथा सैद्धान्तिक विषयको क्रेडिट आवर अनुसार प्रशिक्षण** | | | |
| १४. | महत्वपूर्ण सूचना तथा जानकारीहरु सूचना पाटिमा टाँस गर्ने व्यवस्था (जस्तै: कक्षा तालिका, परिषद्द्वारा जारी आवश्यक जानकारीहरु) | | | |
| १५. | पाठ्यक्रममा आधारित शैक्षिक भ्रमण | | | |
| १६. | प्रयोगात्मक कार्यको लागि मूल्यांकन औजारको निर्माण, प्रयोग तथा अभिलेखिकरण | | | |

**५. मापदण्ड ५: प्रशिक्षार्थीहरुको सहज अवस्था र अनुसन्धान तथा विकास**

| क्र. सं. | आधार/विवरण | छ | छैन | कैफियत (छैन भने के-के छैन उल्लेख गर्ने) |
|---|---|---|---|---|
| १. | प्रशिक्षार्थीहरुलाई भर्ना पश्च्यात अभिमुखिकरण प्रदान | | | |
| २. | आवश्यकता अनुसार प्रशिक्षार्थीहरुलाई अतिरिक्त कक्षाको व्यवस्था | | | |
| ३. | प्लेसमेन्ट र काउन्सिलिङ्ग इकाई (Placement and Counceling unit)को गठन तथा सञ्चालन | | | |
| ४. | ***परिषद्को नियमानुसार छात्रवृत्तिको व्यवस्था** | | | |
| ५. | शिक्षालय व्यवस्थापन र शैक्षिक सुविधाहरु प्रति प्रशिक्षार्थीहरुको सन्तुष्टी<br>नोटः अनुगमन टोलीले प्रशिक्षार्थीहरुसँग अन्तरक्रिया गरेको आधारमा | | | |
| ६. | प्रशिक्षार्थीहरुको ड्रप-आउट दर (५ प्रतिशत भन्दा कम हुनु पर्ने) | | | |

| क्र. सं. | आधार/विवरण | छ | छैन | कैफियत (छैन भने के-के छैन उल्लेख गर्ने) |
|---|---|---|---|---|
| ७. | प्रशिक्षार्थी दिक्षित दर (Successful graduate rate)<br>नोटः गत वर्षको तुलनामा वृद्धी भएमा अङ्क दिने। | | | |
| ८. | ट्रेसर स्टडि (Tracer Study) गर्ने व्यवस्था, ट्रेसर स्टडिको प्रतिवेदन र दिक्षित (Graduate ) हरुको रोजगारी अभिलेख | | | |
| ९. | अनुसन्धान र विकासको लागि शिक्षालयमा बजेटको व्यवस्था | | | |
| १०. | शिक्षालयद्वारा नियमित रुपमा वुलेटिन/ब्रोसर/पत्रिका प्रकाशन गर्ने व्यवस्था | | | |
| ११. | प्रशिक्षार्थीहरुका लागि विषयसँग सम्वन्धित सेवा/क्याम्पको व्यवस्था | | | |
| १२. | विषय सम्वन्धी प्रदर्शनीको आयोजना वा सहभागिता | | | |

**सम्वधित शिक्षालयलाई पृष्ठपोषण**

**प्राविधिक शिक्षालयको नाम:**

**ठेगानाः**

**कार्यक्रमको नाम:**

**सूझाव (Recommendation)**

- 
- 
- 
- 
- 
- 
- 
- 
- 
- 
- 
- 
- 
- 
- 
- 
- 
- 
- 
- 
- 
- 

**अनुगमन मितिः**

| अनुगमन टोलीको तर्फबाट | शिक्षालयको तर्फबाट |
|---|---|
| टोली प्रमुखको नाम तथा हस्ताक्षर: | शिक्षालय प्रमुखको नाम तथा हस्ताक्षर: |
| सदस्यहरुः<br>•<br>•<br>• | शिक्षालय प्रतिनिधिहरुः<br>•<br>•<br>• |

**स्व-मूल्यांकन/अनुगमनको सारांश/प्रतिवेदन**

**प्राविधिक शिक्षालयको नाम:**

**ठेगाना:**

**स्व-मूल्यांकनकर्ता/अनुगमन टोलीको टिप्पणी:-**

**कार्यक्रम:**

**कार्यक्रम सम्बन्धन प्राप्त मिति:** **कार्यक्रम सञ्चालन सुरू मिति:**

**संवेदनशील मापदण्डहरू**

| क्र.सं. | आधार/विवरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १. | *कक्षाकोठा: प्रति विद्यार्थी ०.७५ बर्ग मीटर<br>(३ वर्षे कार्यक्रमको लागि कम्तिमा ३ वटा कक्षा कोठा र प्र-डिप्लोमाको लागि कम्तिमा १ कोठा प्रति कार्यक्रमको लागि) | | | |
| २. | * कार्यक्रम संयोजक:<br>डिप्लोमा/प्रमाणपत्र तहको लागि: सम्वन्धित विषयमा स्नातक तह उत्तिर्ण गरी ३ वर्षको कार्य अनुभव वा स्नातकोत्तर उत्तिर्ण<br>प्र-डिप्लोमाको लागि: सम्वन्धित विषयमा प्रमाणपत्र वा डिप्लोमा तह उत्तिर्ण गरी ३ वर्षको कार्य अनुभव वा स्नातक तह उत्तिर्ण<br>नोट: कार्यक्रम संयोजक पूर्णकालिन हुन पर्नेछ। | | | |
| ३. | * प्रशिक्षक (१:१०):<br>डिप्लोमा/प्रमाणपत्र तहको लागि: सम्वन्धित विषयमा कम्तिमा स्नातक तह उत्तिर्ण<br>प्र-डिप्लोमाको लागि: सम्वन्धित विषयमा कम्तिमा प्रमाणपत्र वा डिप्लोमा तह उत्तिर्ण<br>नोट: प्रशिक्षकहरु कम्तिमा ५० प्रतिशत पूर्णकालिन र व्यवस्था भए अनुसार सम्वन्धित व्यावसायि परिषद्को प्रमाणपत्र प्राप्त गरेको हुन | | | |

| क्र.सं. | आधार/विवरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| | पर्नेछ। | | | |
| ४. | * शुल्क संरचना परिषद्ले तोके बमोजिम | | | |
| ५. | * विषयगत वार्षिक प्रशिक्षण कार्ययोजना तयारी तथा प्रयोग | | | |
| ६. | * पाठ्यक्रममा उल्लेखित प्रयोगात्मक तथा सैद्धान्तिक विषयको क्रेडिट आवर अनुसार प्रशिक्षण | | | |
| ७. | *परिषद्को नियमानुसार छात्रवृत्तिको व्यवस्था | | | |
| ८. | *मापदण्ड ६: पाठ्यक्रमले तोके बमोजिमको पूर्वाधार, सामाग्रीहरु र प्रयोगात्मक अभ्यासको व्यवस्था" मा संवेदनशील (Critical) भनि तोकिएका आधार/विवरणहरू | | | |

नोटः मापदण्डमा * चिन्ह लगाईएका बुँदाहरुमा अनुगमनको क्रममा पर्याप्त प्रमाणहरु उपलब्ध हुन नसकेमा शिक्षालयलाई पुनःअनुगमन (Re-visit) को अवसर प्रदान गरीने छ र उक्त अवस्थामा पनि सुधार नभएमा कारवाहीको सिफारीश गरिने छ। परिषद् कार्यालयले सामान्य अवस्थामा सोही टोलीलाई पुनःअनुगमन (Re-visit) गर्न निर्देशन दिनेछ।

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्लाई सुझावः**

| स्व-मूल्यांकनकर्ता वा शिक्षालय प्रमुख/प्रतिनिधि | अनुगमन टोलीको विवरण |
|---|---|
| नाम तथा हस्ताक्षर:<br>पद तथा श्रेणी:<br>कार्यरत कार्यालय/महाशाखा<br>सम्पर्क फोन नं.: | टोली प्रमुखको नाम तथा हस्ताक्षर:<br>पद तथा श्रेणी:<br>कार्यरत कार्यालय/महाशाखा<br>सम्पर्क फोन नं.: |
| नाम तथा हस्ताक्षर:<br>पद तथा श्रेणी:<br>कार्यरत कार्यालय/महाशाखा<br>सम्पर्क फोन नं.: | टोली सदस्यको नाम तथा हस्ताक्षर:<br>पद तथा श्रेणी:<br>कार्यरत कार्यालय/महाशाखा<br>सम्पर्क फोन नं.: |
| नाम तथा हस्ताक्षर:<br>पद तथा श्रेणी:<br>कार्यरत कार्यालय/महाशाखा<br>सम्पर्क फोन नं.: | विषयविज्ञको नाम तथा हस्ताक्षर:<br>पद तथा श्रेणी:<br>कार्यरत कार्यालय/महाशाखा<br>सम्पर्क फोन नं.: |

## अनुसूची १-१: प्रशिक्षार्थी तथा प्रशिक्षकहरूको जानकारी

### हाल सम्म दिक्षित प्रशिक्षार्थीहरूको अभिलेख

| बर्ष | पुरुष | महिला | जम्मा प्रशिक्षार्थी | कैफियत |
|---|---|---|---|---|
| प्रमाणपत्र तह/डिप्लोमा तह प्रथम वर्ष | | | | |
| प्रमाणपत्र तह/डिप्लोमा तह दोस्रो वर्ष | | | | |
| प्रमाणपत्र तह/डिप्लोमा तह तेस्रो वर्ष | | | | |
| टिएसएलसी | | | | |

### गत शैक्षिक वर्षमा दिक्षित प्रशिक्षार्थीहरूको अभिलेख (प्रतिशतमा)

| बर्ष | पुरुष | महिला | जम्मा प्रशिक्षार्थी | कैफियत |
|---|---|---|---|---|
| प्रमाणपत्र तह/डिप्लोमा तह प्रथम वर्ष | | | | |
| प्रमाणपत्र तह/डिप्लोमा तह दोस्रो वर्ष | | | | |
| प्रमाणपत्र तह/डिप्लोमा तह तेस्रो वर्ष | | | | |
| टिएसएलसी | | | | |

### अध्ययनरत प्रशिक्षार्थीहरूको अभिलेख

| बर्ष | पुरुष | महिला | जम्मा प्रशिक्षार्थी संख्या | कैफियत |
|---|---|---|---|---|
| प्रमाणपत्र तह/डिप्लोमा तह प्रथम वर्ष | | | | |
| प्रमाणपत्र तह/डिप्लोमा तह दोस्रो वर्ष | | | | |
| प्रमाणपत्र तह/डिप्लोमा तह तेस्रो वर्ष | | | | |
| टिएसएलसी | | | | |

### कार्यरत प्रशिक्षकहरूको अभिलेख

| क्र. सं. | प्रशिक्षकको नाम | नियुक्ति मिति | पद | शैक्षिक योग्यता | पूर्णकालिन/आंशिक<br>Full time/Part time |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची २: स्थायी सम्बन्धन निरीक्षण फाराम

# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

स्थायी सम्बन्धन निरीक्षण फाराम

**निर्देशन:**

यो फाराम परिषद्ले निर्धारण गरेका मापदण्ड तथा सम्बन्धनका शर्तहरू पुरा गरी अस्थायी सम्बन्धन प्राप्त शिक्षालयहरूमा सञ्चालित कार्यक्रमहरूलाई स्थायी सम्बन्धन प्रदान गर्ने प्रयोजनको लागि हो। शिक्षालय निरीक्षण गर्ने विज्ञ सहितको टोलीले यो फाराममा भर्न पर्ने सम्पूर्ण विवरणहरु स्थलगत भ्रमण गरी कार्यस्थलमा स्पष्टसँग भर्नुका साथै प्रमाणको लागि आवश्यक पर्ने अन्य  कागजातहरु यसै फाराम साथ संलग्न गरी पञ्जिका समेत बनाई सम्बन्धित निकायमा तोकिएको समय भित्र पेश गर्नु पर्नेछ।

**शिक्षालय सम्बन्धी विवरण:-**

| | |
|---|---|
| ज. शिक्षालयको नाम: | |
| झ. शिक्षालयको प्रकार: | ☐सामुदायिक विद्यालयमा प्राविधिक शिक्षालय<br>☐स्थानीय तहद्वारा सञ्चालित प्राविधिक शिक्षालय<br>☐सार्वजनिक प्रकृतिका गुठी, प्रतिष्ठान, वा सहकारीद्वारा सञ्चालित प्राविधिक शिक्षालय<br>☐सरकारी निकायद्वारा सञ्चालित प्राविधिक शिक्षालय<br>☐निजी स्तरमा सञ्चालित संस्थागत प्राविधिक शिक्षालय |
| ञ. प्राचार्य/प्रधानाध्यापकको  नाम र फोन नं: | |
| ट. सञ्चालक/व्यवस्थापन समितिको अध्यक्षको नाम: | |
| ठ. कोअर्डिनेटर/सम्पर्क व्यक्तिको नाम र फोन नं: | |

ड. सञ्चालित प्राविधिक तथा व्यावसायिक  कार्यक्रमहरु:

| डिप्लोमा/प्रमाणपत्र तह | प्र-डिप्लोमा तह |
|---|---|
| | |

| | | |
|---|---|---|
| ढ. ठेगाना: | प्रदेश:<br>जिल्ला:<br>गाउँ पालिका/नगर पालिका:<br>पत्राचार गर्ने ठेगाना: | वडा नं. :<br>फोन नं. :<br>सम्पर्क व्यक्तिको मोवाईल नं. :<br>ई-मेल/फ्याक्स: |

| स्तर तथा मापदण्ड १: संस्थागत व्यवस्थापन तथा योजना | | | | | भार: १५ प्रतिशत |
|---|---|---|---|---|---|
| **क्र. सं.** | **आधार/विवरण** | **सन्तोषजनक (५)** | **सुधारको आवश्यकता (३)** | **असन्तोषजनक (०)** | **कैफियत** |
| क. | संस्थाको दिर्घकालिन योजना:<br>• संस्थाको मावी रणनीति सहितको लक्ष्य, उद्देश्य तथा दिर्घकालीन योजना उल्लेख भएको पुस्तिका उपलब्ध<br>• संस्थाको कार्यक्रमहरू रोजगारमूलक उद्देश्यले अभिप्रेरित भएको<br>• पिछडिएको वर्ग, गरिव तथा सुविधा अप्राप्त समूहलाई सेवा पुऱ्याउने लक्ष्य/ कार्यक्रम<br>• संस्थाको लक्ष्य, उद्देश्य अनुरुप भौतिक तथा अन्य सुविधाको विकास गर्ने कार्यक्रम | | | | |
| ख. | संस्थाको गठन र प्रशासनिक वनावट:<br>• संस्थाको विधान उपलब्ध<br>• संचालक समितिमा समुदायका प्रतिष्ठित व्यक्तित्व, विषय विज्ञ र संस्थाको प्रतिनिधिको संलग्नता<br>• संचालक समितिको वैठक वर्षमा कम्तिमा ३ पटक वसेको<br>• कर्मचारीहरूको सेवा शर्त सुविधा सम्वन्धी नियमावली तयार तथा सोहि अनुरूप कार्य भएको | | | | |
| ग. | संस्थाको दिगो आर्थिक क्षमता:<br>• संस्थाको नाममा बैङ्क खाता र बार्षिक लेखा परीक्षण भएको<br>• आम्दानीको अन्य श्रोत र आर्थिक वर्षको अन्तमा आम्दानीको बचत<br>• आम्दानीका अन्य श्रोत जुटाउन भए गरेका प्रयास | | | | |
| | **औसत अङ्क** | | | | |
| | **प्राताङ्क** | | | | |

| स्तर तथा मापदण्ड २: शिक्षण सामाग्री तथा औजार, मेशिन र उपकरणहरू | | | | | भार: ३० प्रतिशत |
|---|---|---|---|---|---|
| **क्र. सं.** | **आधार/विवरण** | **सन्तोषजनक (३०)** | **सुधारको आवश्यकता (१८)** | **असन्तोषजनक (०)** | **कैफियत** |
| क. | शिक्षण सामाग्री तथा औजार, मेशिन र उपकरणहरू पूर्वाधार निर्देशिकामा उल्लेखित विषयगत मापदण्ड बमोजिम भएको | | | | |
| | **औसत अङ्क** | | | | |
| | **प्राताङ्क** | | | | |

| स्तर तथा मापदण्ड ३: भौतिक पूर्वाधार | | | | | भार: १५ प्रतिशत |
|---|---|---|---|---|---|
| क्र. सं. | आधार/विवरण | सन्तोषजनक (५) | सुधारको आवश्यकता (३) | असन्तोषजनक (०) | कैफियत |
| क. | कक्षाकोठा: प्रति विद्यार्थी ०.७५ बर्ग मीटर (३ वर्षे कार्यक्रमको लागि कम्तिमा ३ वटा कक्षा कोठा र प्र-डिप्लोमाको लागि कम्तिमा १ कोठा प्रति कार्यक्रमको लागि)<br>शुद्ध पिउने पानी र शौचालयको व्यवस्था (सफा; पर्याप्त पानीको व्यवस्था साथै महिला र पुरुष कोलागि छुट्टा छुट्टै हुने गरी १:२० को अनुपातमा)<br>नोट: भवन तथा जग्गा संस्थाको नाममा नभए कम्तिमा पाँच बर्षको लागि भाडामा लिएको संझौंता पत्र पेश गर्ने। | | X | | |
| ख. | • प्र-डिप्लोमाकोलागि प्रति कार्यक्रम १ र प्रमाणपत्र/डिप्लोमा तहकोलागि प्रत्येक कक्षा कोठामा Multimedia Projector साथै सवै कक्षाकोठामा white/black board को व्यवस्था<br>• कक्षाकोठा सफा, पर्याप्त प्रकाश र भेन्टिलेशन साथै शैक्षिक सामाग्रीहरु व्यवस्थित र सुरक्षित तरीकाले राखिएको<br>• पठन पाठनकोलागि उपलब्ध डेक्स-वेन्चको व्यवस्था<br>• विद्युत/इन्टरनेट/फोन/फोटोकपी मेशिनको व्यवस्था<br>• पाठ्यक्रम अनुसार प्रयोगात्मक अभ्यासको लागि skill lab को व्यवस्था र अवस्था<br>• प्रशिक्षक/कर्मचारीहरुलाई बस्न र काम गर्न पर्याप्त स्थान र चमेना गृहको व्यवस्था | | | | |
| ग. | पुस्तकालय:<br>• एक कार्यक्रमको लागि कम्तीमा ४० वर्ग मिटर क्षेत्रफल र एउटा भन्दा बढी कार्यक्रम सञ्चालन हुने भएमा थप कार्यक्रमको लागि १५ वर्ग मिटर थप क्षेत्रफल<br>• एक चौथाई प्रशिक्षार्थी एकै साथ बसेर अध्ययन गर्न पुग्ने गरी टेवल/कूर्सी सहित अध्ययन कक्षको व्यवस्था<br>• पाठ्यक्रममा उल्लेख भए बमोजिमका प्रत्येक विषयको लागि विद्यार्थी संख्याको कम्तीमा ५० प्रतिशत पाठ्यपुस्तकको व्यवस्था।<br>• पुस्तकालयमा Reference Book, Manual का साथै पत्र पत्रिकाहरुहरुको पर्याप्त व्यवस्था। | | X | | |
| | **औसत अङ्क** | | | | |
| | **प्राताङ्क** | | | | |

| स्तर तथा मापदण्ड ४: मानव संशाधन (प्रशिक्षण तथा प्रशासनिक कर्मचारीहरुको व्यवस्था र विकास) | | | | | भार: १५ प्रतिशत |
|---|---|---|---|---|---|
| क्र. सं. | आधार/विवरण | सन्तोषजनक (५) | सुधारको आवश्यकता (१.८) | असन्तोषजनक (०) | कैफियत |
| क. | प्राचार्य/प्रधानाध्यापक:<br>डिप्लोमा/प्रमाणपत्र तहको लागि: संस्थामा सञ्चालित प्राविधिक विषयमा स्नातक तह उत्तिर्ण गरी ५ वर्षको कार्य अनुभव वा स्नातकोत्तर उत्तिर्ण<br>प्र-डिप्लोमाको लागि: संस्थामा सञ्चालित प्राविधिक विषयमा प्रमाणपत्र वा डिप्लोमा तह उत्तिर्ण गरी ५ वर्षको कार्य अनुभव वा स्नातक तह उत्तिर्ण<br>नोट: प्राचार्य/प्रधानाध्यापकको लागि छुट्टै कार्य कक्षको व्यवस्था भएको हुनुपर्ने छ। | | | | |
| ख. | कार्यक्रम संयोजक:<br>डिप्लोमा/प्रमाणपत्र तहको लागि: सम्वन्धित विषयमा स्नातक तह उत्तिर्ण गरी ३ वर्षको कार्य अनुभव वा स्नातकोत्तर उत्तिर्ण<br>प्र-डिप्लोमाको लागि: सम्वन्धित विषयमा प्रमाणपत्र वा डिप्लोमा तह उत्तिर्ण गरी ३ वर्षको कार्य अनुभव वा स्नातक तह उत्तिर्ण<br>नोटः कार्यक्रम संयोजक पूर्णकालिन हुन पर्नेछ। | | X | | |
| ग. | प्रशिक्षक (१:१०):<br>डिप्लोमा/प्रमाणपत्र तहको लागि: सम्वन्धित विषयमा कम्तिमा स्नातक तह उत्तिर्ण<br>प्र-डिप्लोमाको लागि: सम्वन्धित विषयमा कम्तिमा प्रमाणपत्र वा डिप्लोमा तह उत्तिर्ण<br>नोटः प्रशिक्षकहरु कम्तिमा ५० प्रतिशत पूर्णकालिन र व्यवस्था भए अनुसार सम्वन्धित व्यावसायि परिषद्को प्रमाणपत्र प्राप्त गरेको हुन पर्नेछ। | | X | | |
| घ. | प्रशिक्षक कर्मचारीहरूलाई कम्तीमा एक शैक्षिक संत्रलाई नियुक्तिपत्र दिएको, टिकाउ दर ७५% भन्दा माथि रहेको र कम्तिमा १ प्रशिक्षक १० दिने क्षमता अभिवृद्धि तालीम [प्रशिक्षण प्रशिक्षक तालीम (IS/TOT) वा व्यावसायिक दक्षता तालीम (OSU)] प्राप्त गरेको। | | X | | |
| ङ. | अन्य कर्मचारीको ब्यवस्थाः<br>• प्रशिक्षण/कार्यशाला सहायक र लेखा/ प्रशासन कम्तिमा एक-एक जना कर्मचारीको ब्यवस्था<br>• लाईब्रेरियन/ स्टोरमा एकजना कर्मचारीको ब्यवस्था<br>• चौकीदार/ पाले एकजनाको ब्यवस्था | | | | |
| | औसत अङ्क | | | | |

| स्तर तथा मापदण्ड २: शिक्षण सामाग्री तथा औजार, मेशिन र उपकरणहरू | | | | | भार: ३० प्रतिशत |
|---|---|---|---|---|---|
| क्र. सं. | आधार/विवरण | सन्तोषजनक (३०) | सुधारको आवश्यकता (१८) | असन्तोषजनक (०) | कैफियत |
| | प्राताङ्क | | | | |

| स्तर तथा मापदण्ड ५: कार्यक्रममा गुणात्मक प्रशिक्षण तथा गतथा परिषद्को पाठ्यक्रमको प्रयोको अवस्था | | | | | भार: ५ प्रतिशत |
|---|---|---|---|---|---|
| क्र. सं. | आधार/विवरण | सन्तोषजनक (१) | सुधारको आवश्यकता (०.६) | असन्तोषजनक (०) | कैफियत |
| क. | प्रशिक्षार्थी छनौट परिषद्को विनियम अनुसार भएको। | | | | |
| ख. | पाठ्यक्रम बमोजिम शैक्षिक सत्र कार्य योजना तथा पाठयोजना तयार | | | | |
| ग. | पाठ्य योजना अनुरुप शैक्षिक सामाग्री तयार गरेको | | | | |
| घ. | पाठ्यक्रममा निर्देशित पाठ्यभार अनुसार प्रशिक्षण तथा कार्यगत तालीम भएको | | | | |
| ङ. | वजेटको ४०% रकम शैक्षिक सामाग्रीमा खर्च भएको | | | | |
| | औसत अङ्क | | | | |
| | प्राताङ्क | | | | |

| स्तर तथा मापदण्ड ६: प्रशिक्षार्थीहरुलाई प्रदान गरिने सुविधा, अनुसन्धान तथा विकास | | | | | भार: १० प्रतिशत |
|---|---|---|---|---|---|
| क्र. सं. | आधार/विवरण | सन्तोषजनक (२) | सुधारको आवश्यकता (१.२) | असन्तोषजनक (०) | कैफियत |
| क. | परिषद्को नियमानुसार छात्रवृत्तिको व्यवस्था र शुल्क संरचना परिषद्ले तोके बमोजिम | | | | |
| ख. | शिक्षालयमा उत्पादन इकाईको व्यवस्था र प्लेसमेन्ट र काउन्सिलिङ्ग इकाई (Placement and Counceling unit) को गठन तथा सञ्चालन | | | | |
| ग. | नियमित स्वास्थ्य परीक्षण र प्राथमिक उपचारको व्यवस्था | | | | |
| घ. | आवश्यकता अनुसार प्रशिक्षार्थीहरुलाई अतिरिक्त कक्षाको व्यवस्था | | | | |
| ङ. | ट्रेसर स्टडि (Tracer Study), अनुसन्धान र विकासको लागि शिक्षालयमा बजेटको व्यवस्था र कार्यान्वयनको अवस्था साथै शिक्षालयद्वारा नियमित रुपमा वुलेटिन/ब्रोसर/पत्रिका प्रकाशन गर्ने व्यवस्था | | | | |
| | औसत अङ्क | | | | |
| | प्राताङ्क | | | | |

| स्तर तथा मापदण्ड ७: प्रशिक्षार्थी मूल्यांकन तथा उपलब्धी | भार: १० प्रतिशत |
|---|---|

| क्र. सं. | आधार/विवरण | सन्तोषजनक (२) | सुधारको आवश्यकता (१.२) | असन्तोषजनक (०) | कैफियत |
|---|---|---|---|---|---|
| क. | कुनै पनि स्वीकृत कोटाको कम्तिमा ७५ प्रतिशत प्रशिक्षार्थी भर्ना भएका | | X | | |
| ख. | प्रशिक्षार्थीहरूको मूल्यांकन पाठ्यक्रम र परीक्षा नियन्त्रण कार्यालयले तोके बमोजिम भएको | | | | |
| ग. | अन्तिम परीक्षामा कम्तीमा ५० प्रतिशत प्रशिक्षार्थीहरू उत्तिर्ण भएको | | X | | |
| घ. | कक्षा छाड्ने (Drop out) प्रशिक्षार्थी १० प्रतिशत भन्दा कम रहेको | | | | |
| ङ. | उत्तिर्ण भएका प्रशिक्षार्थी मध्ये कम्तीमा ६० प्रतिशतले रोजगार पाएको (ट्रेशर स्टडिको आधारमा) | | X | | |
| | **औसत अङ्क** | | | | |
| | **प्राताङ्क** | | | | |

## स्थायी सम्बन्धन निरीक्षण सारांश/प्रतिवेदन

**शिक्षालयको नाम:**

**ठेगाना:**

**स्थायी सम्बन्धनको लागि शिक्षालयमा सञ्चालित कार्यक्रमको मूल्यांकन:-**

**कार्यक्रम:**

**अस्थायी सम्बन्धन प्राप्त मिति:** **कार्यक्रम सञ्चालन सुरू मिति:**

| क्र.सं. | स्तर तथा मापदण्ड | भार | न्यूनतम | प्राप्त अङ्क | कैफियत |
|---|---|---|---|---|---|
| १ | स्तर तथा मापदण्ड १: संस्थागत व्यवस्थापन तथा योजना | १५ | ९ | | |
| २ | स्तर तथा मापदण्ड २: शिक्षण सामाग्री तथा औजार, मेशिन र उपकरणहरू | ३० | १८ | | |
| ३ | स्तर तथा मापदण्ड ३: भौतिक पूर्वाधार | १५ | ९ | | |
| ४ | स्तर तथा मापदण्ड ४: मानव संशाधन (प्रशिक्षण तथा प्रशासनिक कर्मचारीहरुको व्यवस्था र विकास) | १५ | ९ | | |
| ५ | स्तर तथा मापदण्ड ५: कार्यक्रममा गुणात्मक प्रशिक्षण तथा तथा परिषद्को क्रमको प्रयोगपाठ्यको अवस्था | ५ | ३ | | |
| ६ | स्तर तथा मापदण्ड ६: प्रशिक्षार्थीहरुलाई प्रदान गरिने सुविधा, अनुसन्धान तथा विकास | १० | ६ | | |
| ७ | स्तर तथा मापदण्ड ७: प्रशिक्षार्थी मूल्यांकन तथा उपलब्धी | १० | ६ | | |
| | जम्मा प्राप्त अङ्क | | | | |

नोटः स्थायी स्वीकृत प्राप्त गर्न शिक्षालयले माथि उल्लेखित प्रत्येक स्तर तथा मापदण्डहरूको भार कम्तिमा ६०% तथा कुलमा ७५% भार प्राप्त गर्नु पर्नेछ।

**प्राप्त परिणामको आधारमा**

स्थायी सम्बन्धन दिन मिल्ने ☐

स्थायी सम्बन्धन दिन नमिल्ने ☐

**अनुगमन र मूल्याङ्कनकर्ता/टोलीको टिप्पणी:-**

---

---

| **अनुगमन तथा मूल्याङ्कन टोलीको विवरण** | |
|---|---|
| नाम तथा हस्ताक्षर:<br>पद तथा श्रेणी:<br>कार्यरत कार्यालय/महाशाखा<br>सम्पर्क फोन नं.: | नाम तथा हस्ताक्षर:<br>पद तथा श्रेणी:<br>कार्यरत कार्यालय/महाशाखा<br>सम्पर्क फोन नं.: |
| नाम तथा हस्ताक्षर:<br>पद तथा श्रेणी:<br>कार्यरत कार्यालय/महाशाखा<br>सम्पर्क फोन नं.: | विषयविज्ञको नाम तथा हस्ताक्षर:<br>पद तथा श्रेणी:<br>कार्यरत कार्यालय/महाशाखा<br>सम्पर्क फोन नं.: |